# अध्याय  एक

# परिचय खण्ड

## १.१ परिचय

नेपाल विश्वमानचित्रमा सानो छ । तापनि कला र संस्कृतिमा धनी मानिन्छ । विदेशी विद्वानहरुले आ-आफ्नो यात्रावृतान्तमा  यहाँको कला संस्कृतिबारे चर्चा गरेका छन् । नेपालका हरेक टोलमा कुनै न कुनै मन्दिर तथा त्यससँग सम्बन्धित पूजा तथा जात्राहरु प्राचीनकालदेखि नै प्रचलनमा रहेका छन् । यी जात्रा तथा पर्वहरु धार्मिक, सामाजिक,राजनीतिक, मनोरंजन तथा स्वास्थ्यका दृष्टिकोणले समेत महत्वपूर्ण छन्  (एण्डरसन,१९७७, पृ. ५) ।

नेपालको राजधानी काठमाडौंका विभिन्न स्थानमा विभिन्न प्रकारका जात्राहरु मनाउने गरिन्छ । उपत्यकाका कुनै टोल तथा स्थान छैनन् जहाँ देवीदेवताको नाममा जात्रा ननिकालिएको होस । जात्राकै नामबाट त्यस स्थानको छुट्टै पहिचान समेत बनेको छ , जस्तो कहीँ नभएको जात्रा हाँडी गाउँमा ।

काठमाडौंको प्राचीन नेवार बस्तीको रुपमा बालागाउँ रहेको छ । प्राचीन समयमा निकै सजधजले  सम्पन्न र सुन्दर बस्ती थियो (रुपाखेती, २०५९, पृ. ६१) । गोपालवंशीको राजधानीको रुपमा रहेको मातातीर्थबाट उत्तरी काखमा अवस्थित यो पुरानो गाउँ प्राचीन समयमा ४ ढोका १४ पाटी भएको निकै आकर्षक र सानो खँदिलो बस्ती थियो । यसै कारण नेवारी भाषामा यस सुन्दर वस्तीको नाम *बाँला गाँ* अर्थात राम्रो गाउँ रहन गयो । समयक्रममा यसलाई बालागाउँ भन्न थालियो   ( रुपाखेती,२०५९ पृ.६२) ।

त्यस्तै यस ठाउँमा बलामी थर भएका नेवारहरुको बस्ती भएकोले बलामीगाँ अर्थात बलामीहरुको गाउँ अपभ्रंश भै बालागाउँ रहन गएको भनिन्छ ।

बालागाउँ हाल चन्द्रागिरी नगरपालिका वडा नं. ६ मा पर्दछ । यस स्थानमा गणेश, शिव ,विष्णुका विभिन्न मन्दिरुहरुका साथै  महालक्ष्मी मन्दिर, वनमहालक्ष्मी, गणेश मन्दिर रहेको छ ।

बालागाउँमा महालक्ष्मी जात्रा कार्तिक शुक्ल पूर्णिमाका दिन मनाइन्छ । महालक्ष्मी अष्टमातृका मध्ये एक देवी हुन् । महालक्ष्मी  देवताहरुका  शक्तिपुञ्जका रुपमा रहेकी छ । महालक्ष्मीलाई महिषाषुर मर्दिनीका रुपमा पनि चिनिन्छ (शास्त्री ,२०६९, पृ. ७५-७८) ।

बालागाउँमा मनाइने यो जात्रा शरद्कालीन जात्रा हो । *सकिमना पुन्हि* अर्थात कार्तिक शुक्ल पूर्णिमाका दिन मनाइने यस जात्रामा बालागाउँ महालक्ष्मी , वनमहालक्ष्मी तथा गणेशको ३ वटा सजाइएका रथमा धातुमूर्तिहरु राखी बाजागाजा सहित बालागाउँलेहरु यात्रा उत्सव मनाउँछन् । जसमा छिमेकी गाउँका मानिसहरुको पनि उल्लेख्य उपस्थिति हुन्छ ।

## १.२ समस्या कथन

काठमाडौं उपत्यकाका काठमाडौ, ललितपुर तथा भक्तपुरमा सम्पन्न हुने महालक्ष्मी जात्रामध्ये बालागाउँको महालक्ष्मीमा केन्द्रित भै अनुसन्धान गरिन आवश्यक भएकोले यस शोधकार्यमा निम्न बुँदालाई समस्या कथनका रुपमा लिइएको छ ।

- जात्राको ऐतिहासिकका बारेमा खोजी नभएको ।
- जात्राको सांस्कृतिक तथा धार्मिक पक्षको जानकारीको अभाव ।
- जात्रा मनाउने विधिबारे जानकारी पाउन नसकिएको ।

## १.३ शोधको उद्देश्य

यस शोधकार्यका निम्नलिखित उद्देश्यहरु रहेका छन् ।

- जात्राको ऐतिहासिकता खोजी गर्ने ।
- जात्राको सांस्कृतिक तथा धार्मिक पक्षको जानकारी हासिल गर्नु ।
- जात्रा संचालन विधिको जानकारी प्राप्त गर्नु  ।

## १.४ पूर्व साहित्य समीक्षा

नेपालका चाडपर्व, जात्राका बारेमा विभिन्न साहित्यिक स्रोतहरुबाट थाहा पाउन सकिन्छ । थानकोट महालक्ष्मी, बलम्बु महालक्ष्मी लुभु  जात्राहरुको अध्ययन अनुसन्धान तथा लेखहरु प्रकाशित भएका छन् । तर यस ठाउँको बारेमा विस्तृत विवरण पाइँदैन । जेजति अध्ययन भएका तिनीहरुको अध्ययन समीक्षा यस प्रकार रहेको छ ।

**नेवा देय दबु, नेवा समाज २०५४** पुस्तकमा नेवारहरुको संस्कृति तथा जातिबारे जानकारी प्रदान गरेको छ । तर त्यसमा यस जात्रावारे  जानकारीका अभाव रहेको छ ।

**धनबज्र बज्राचार्य, मध्यकालीन अभिलेख ने.ए.वि.केन्द्र** (२०५६) मा संवत ७८७(वि.सं. १७१२) मा श्रीनिवास मल्लको पालाको अभिलेखमा बलम्बुको महालक्ष्मी मन्दिरमा गुणसिंह भारोले सिंह वनाइ चढाए भन्ने अभिलेख कुंदिएको छ । (पृष्ठ संख्या १४६ ) तर बालागाउँ महालक्ष्मीको बारेमा उल्लेख भएको छैन ।

**महादेवस्थान गा.वि.स., महादेवस्थान गा.वि.स. स्मारिका २०५९** यस स्मारिकामा तत्कालीन महादेबस्थान गा.वि.स. अन्तर्गतको बडा नं. ३ र ४ मनाइने महालक्ष्मी जात्राको उल्लेख सम्म गरिएको छ । मनाउने दिनका बारेमा पनि उल्लेख छ भने अन्य विवरण भने अभाव रहेको छ ।

**उप्रेती, शर्मिला( वि.सं. २०६४) काठमाडौं जिल्ला महादेबस्थान गा.वि.स. क्षेत्रको सांस्कृतिक अध्ययन** अप्रकाशित शोधपत्र , त्रि.वि., संस्कृति विभागको पृष्ठ २३ मा वालागाउँको बारेमा जानकारी उल्लेख छ  तथा पृष्ठ ३२ मा महालक्ष्मी जात्राको उल्लेख गरिएको छ। शोधपत्रले जाात्राको बारेमा मात्र उल्लेख गरेतापनि अन्य जानकारीको भने अभाव रहेको छ ।

क्षेत्र नं. २४(**विकास निर्माण विभाग) काठमाडौ जिल्ला संगठन समिति काठमाडौं जिल्लाका गा.वि.स. परिचय  २०६७** , गा.वि.स. अन्तर्गतका धार्मिक,ऐतिहासिक,पुरातात्विक, सांस्कृतिक महत्वका क्षेत्रहरुमा महालक्ष्मी मन्दिरको बारेका उल्लेख गरिएको छ ।

**रविन्द्र ध्वोजु, ऐतिहासिक काठमाडौं उपत्यका ,ध्वोजु पब्लिकेशन हाउस, २०६८** यस पुस्तकमा काठमाडौं उपत्यकाका ऐतिहासिक स्थल तथा यहाँका जात्रापर्वका बारेमा जानकारी दिने क्रममा बालागाउँ तथा  महालक्ष्मी जात्राको वारेमा जानकारी पाउन सकिएको छैन् ।

यसरी यी विभिन्न पुस्तक तथा अप्रकाशित शोधपत्रको अध्ययन गर्दा महालक्ष्मी जात्राको केही उल्लेख गरिएको भएता पनि जात्राको ऐतिहासिक, धार्मिक, सांस्कृतिक पक्ष तथा संचालन विधिको बारेमा जानकारी नपाइने हुनाले यो अध्ययन आवश्यक देखिएको छ ।

## १.५ शोधको महत्व

मौलिक संस्कृतिको रुपमा रहेका जात्रापर्व सांस्कृतिक धरोहर हुन् । यसको अध्ययन अनुसन्धानले मात्र तिनका बारेमा जानकारी प्राप्त हुने तथा जनचेतनाले संरक्षणमा बल पुग्दछ । त्यसैले यस शोधको महत्व  रहेको छ ।

- जात्रा संचालन हुने स्थानका बारेमा जानकारी प्राप्त गर्न सहयोग पुऱ्याउनु ।
- जात्रा,गुठी, बाजागाजा बारे जानकारी प्राप्त गर्न  सहयोग ।
- पहिला  र अहिले गरिने जात्राका विधिमा आएका परिवर्तन  औंल्याउन ।
- खटहरुको निर्माण लगायत खटको बारेमा जानकारी पाउन सहयोग ।

## १.६ शोधको औचित्य

बालागाउँ महालक्ष्मी जात्राका बारेमा  अध्ययन अनुसन्धानको कमी रहेको छ । परम्परागत जात्राको धार्मिक एवं सांस्कृतिक महत्व लगायत जात्राको विस्तृत अध्ययन गरिने तथा यसको संरक्षण र सम्वर्द्धनको लागि सवै पक्षलाई प्रेरित गर्ने उद्देश्य रहेको हुँदा यसको अध्ययन गरिनु अत्यावश्यक  देखिएकोले अध्ययन गरिएको छ ।

## १.७ अध्ययनको सीमा

काठमाडौं जिल्ला चन्द्रागिरी नगरपालिका वडा नं. ६ मा पर्ने बालागाउँ क्षेत्रको सीमाना पूर्व मातातीर्थ खोला, पश्चिम  वनमहालक्ष्मीसम्म, दक्षिण मातातीर्थ र उत्तर बालागाउँ र किसिपिडिको सीमाना यो शोधको भौगोलिक क्षेत्र हो ।

यस शोध बालागाउँ क्षेत्रको महालक्ष्मी जात्राको बारेमा मात्र केन्द्रित हुनेछ । जसमा समग्र जात्राको ऐतिहासिकता, सांस्कृतिक तथा धार्मिक पक्षलाई महत्व दिई  जात्रा संचालन विधिका बारेमा  अध्ययन गरिएको छ ।

### १.८ शोध विधि

जात्रा अध्ययनका लागि निम्न विधि अवलम्बन गरिएको छ ।

**(क) प्राथमिक स्रोत**

- **अबलोकनः** यस विधिमा जात्रा संचालन गर्नुभन्दा अगाडिको तयारी र जात्रा संचालन हुँदाका विधि तथा जात्राका बारेमा अध्ययन गरिएको छ ।
- **अर्न्तवार्ताः** सो स्थानका बारेमा जानकारी हासिल गर्नका लागि सो स्थानका बासिन्दा, मन्दिरका पुजारी,जात्रा संचालन गर्ने गुठीयारसँग  अर्न्तवार्ता लिइएको छ ।
- **तस्वीर संकलनः** जात्रासँग सम्बन्धित मन्दिर तथा देवदेवीको तस्वीर लिइनेछ । जात्राका अवसरका जात्राका खट्हरु, जात्रा संचालन भईरहेको अवस्थाको  तस्वीर समावेश गरिएको छ ।

**(ख) द्वितीयक स्रोत**

- **पुस्तकालय अध्ययनः** जात्राका सम्बन्धमा प्रकाशित विभिन्न पत्रपत्रिकामा प्रकाशित  लेखरचनाहरु तथा विभिन्न वेभसाइटहरुमा रहेका विषयसँग सम्वन्धित अध्ययन गरिएको छ ।

# अध्याय :दुई

# बालागाउँको भौगोलिक परिचय तथा ऐतिहासिक पृष्ठभुमि

## २.१ भौगोलिक परिचयः

बालागाउँ काठमाडौं जिल्लाको पश्चिमी भेगमा पर्दछ। यसको उत्तरी अक्षांस लगभग २७ ं२७ देखि २७ ं४९ र पूर्वी देशान्तर लगभग ८५ ं १० देखि ८५ ं३२ को बीचमा पर्दछ। समुद्री सतहदेखि लगभग ४७०० फिटको उचाइमा रहेको छ ( महादेबस्थान ,२०५९,पृ.१) । यस क्षेत्रको पूर्वमा मातातीर्थ कुण्डको पानी बग्ने खोला, दक्षिणतर्फ पवित्र क्षेत्र मातातीर्थ पश्चिममा गोल्छाप, इटाखेल र उत्तरमा ऐतिहासिक किसिपिडी क्षेत्र पर्दछ।

यो क्षेत्र महादेवस्थान गा.वि.स. ३ र ४ वडामा पर्दथ्यो । हाल यो क्षेत्र चन्द्रागिरी नगरपालिका वडा नं. ६मा पर्दछ । बालागाउँ*(बाँलाःगाँ)* र महादेबगाउँ*(नगाँ)* दुई वस्ती मिलेर बनेको छ (रुपाखेती,२०५९, पृ. ६१) । मातातीर्थसँगै सामुदायिक वन रहेको छ। यसको नाम महालक्ष्मी सामुदायिक उपभोक्ता समूह रहेको छ।

बालागाउँमा गणेश, महालक्ष्मी ,वनमहालक्ष्मी, शिवको विभिन्न मन्दिर, राधाकृष्णको मन्दिर तथा बुद्वका मूर्तिहरु रहेका छन् । यी मध्ये महालक्ष्मीलाई प्रमुख देवीका रुपमा मानिन्छ भने यीनै देवीको खट्यात्रा गरी महालक्ष्मी जात्रा मनाइन्छ।

बसोबासका आधारमा बालागाउँ क्षेत्रमा नेवार जातिको बाहुल्यता रहेको छ। हाल यस क्षेत्रमा अन्य जातिका मानिसहरुको पनि बसोबास हुन थालेको छ। यहाँ बोलिने भाषा नेपाल भाषा(नेवारी भाषा) हो । यस क्षेत्रमा एउटा नि.मा.वि. रहेको छ। यस नि.मा.वि.को नाम पनि महालक्ष्मी निम्न माद्यमिक विद्यालय नै रहेको छ।

यस क्षेत्रसम्म पुग्नका लागि सार्वजनिक बसको संचालन गरिएको छ । यहाँ जनता यातायातले सेवा प्रदान गरिरहेको छ।

यहाँका मानिसहरु कृषि, पशुपालन, घरेलु उद्योग ,नोकरी, व्यापारजस्ता पेशामा संलग्न छन् ।

२.२ ऐतिहासिक पृष्ठभुमि :

पुरातात्विक तथा साहित्यिक स्रोतहरुहरुले मातातीर्थ क्षेत्र तथा त्यस आसपासका क्षेत्रका बारेमा जानकारी प्रदान गर्दछन् ।

पौराणिक आख्यानअनुसार श्रीकृष्णले चोभारको गल्छीबाट पानी बाहिर पठाएपछि धापिलो जमिनको दक्षिणपट्टिको केही उँचो भूभागमा गौशाला बनाई अर्थात गोपालहरुको वस्ती बसालेका थिए । ती गोठालाहरुको वस्ती रहेको उपयुक्त गोग्राम वर्तमान मातातीर्थको कतै नजिक पर्दथ्यो (प्रधान,२०५५, पृ.२२) । यस भनाईले यो ठाउँको बारेमा संकेत गर्दछ । किनभने माथिको भनाईमा मातातीर्थको नजिक रहेको ठाउँ यही नै हो ।

त्यसैले स्थानीय बालागाउँलाई पहिले ग्वालागाउँ भनिने बताउनुहुन्छ ।

भाषा वंशावलीमा श्री राजा भूभागत बर्ष ८४, जय गुप्त बर्ष ६३, परम गुप्त वर्ष ९१ , हर्ष गुप्त वर्ष ६७, भीम गुप्त वर्ष ३८, मति गुप्त वर्ष ३७ , विष्णु गुप्त ४६, ले मातातीर्थमा ठूलो गौशाला बनाई ब्राम्हणको रक्षा गरी शासन चलाएको उल्लेख गरिएको छ (पौडेल,२०२०, पृ. ४४-४५) ।

यसरी काठमाडौं उपत्यका र वरपरका क्षेत्रमा प्राचीन समयदेखि नै बस्ती आवाद भएको कुरा यीनै विभिन्न पौराणिक ग्रन्थबाट जानकारी पाइन्छ । प्राचीन क्षेत्रमध्ये थानकोट, मातातीर्थ तथा बलम्बु भेग हुन् भन्ने तथ्यबाट बालागाउँ क्षेत्रको ऐतिहासिकतालाई पुष्टि गर्न सघाउ पुऱ्याउँदछ ।

चन्द्रागिरि र दहचोक डाँडाको बीच भागमा लिच्छविकालमा निकै बस्ती बसेका थिए । भेल्बु, पालिंख्य, मालटार, चौकीटार आदि पुराना बस्तीहरु हाल छैनन् । थानकोट, बलम्बु, किसिपिडी, , सतुंगल आदि ठाउँहरुमा बस्ती अहिले पनि छन् (बज्राचार्य ,२०३०, पृ. १४४) । किसिपिडी नजिकको गाउँ हो बालागाउँ जुन पवित्रस्थल मातातीर्थ नजिकको पनि गाउँ हो । यस ठाउँलाई प्राचीन समयमा ग्वालागाउँ पनि भनिन्थ्यो । पछि त्यो शब्द अपभ्रंश भई बालागाउँ हुन गएको कुरा स्थानीय पंचकुमार श्रेष्ठ पनि बताउनुहुन्छ ।

बालागाउँ प्राचीन समयमा ४ ढोका र १४ पाटीको सुन्दर वस्तीको रुपमा रहेको थियो (रुपाखेती,२०५९, पृ. ६१) । यस अर्थमा बालागाउँ व्यवस्थित रुपमा चारैतर्फ द्वार निर्माण गरि स्थापित प्राचीन बस्ती रहेको बुझिन्छ ।

माताातीर्थ भेगमा आभीरहरुको बसोबास पनि  थियो । रवि गुप्त आभीर वंशका निकै शक्तिशाली थिए  (बज्राचार्य, २०३०,पृ. १३६-१३७) ।

लिच्छविकाल तथा मध्यकालमा शासनको मुलकेन्द्र राजकुल  (राजदरबार) थियो । मुलकेन्द्र राजकुलमा   विभिन्न द्वार थिए ।   जनता आफुलाई परेको  पीरमर्काको उजुरी सम्वन्धित द्वारमा गई गर्दथे (बज्राचार्य ,२०३०, पृ. १९६ ) । बालागाउँमा हाल पनि द्वारेका सन्तान कहलिएका व्यक्तिहरु भएकाले यो बस्ती प्राचीन कालीन राजदरवार सहितको वस्ती थियो भन्ने आधार मान्न सकिन्छ ।

यस क्षेत्रमा कृष्ण बहादुर बलामी द्वारेका रुपमा  रहेका थिए । उनका शेष पछि गणेश बहादुर बलामी द्वारेका रुपमा रहे । यस क्षेत्रमा यीनकै आदेश चल्थ्यो । यिनको जमीन धेरै थियो । उनी जमिन्दारको हैसियतमा रहेका थिए । उनकै आदेशमा जात्रा पर्वहरु संचालन हुन्थ्यो र जात्राको संचालनका लागि गुठी संस्थानबाट रकम ल्याएर उनले सरकारी पूजाको समेत व्यवस्था गरेका थिए ।  हालसम्म यसले निरन्तरता पाइरहेको छ । सरकारी पुजाको जोहोका लागि उनका सन्तान रोहित बलामीले व्यवस्था मिलाउँदै आएको र हरेक बर्ष सरकारी खर्चको लागि निवेदन दिने गरेको उहाँ बताउनुहुन्छ । यस आधारमा बालागाउँमा एउटा  व्यवस्थित राज्यकेन्द्र रहेको अनुमान गर्न सकिन्छ ।

मध्यकालीन नेपालमा गाउँका प्रशासकीय एवं मालपोत अधिकारी भनौं ग्राम मुखियालाई द्वारेको संज्ञा दिइन्थ्यो (जोशी, २०६०,पृ.१८१)  । खासगरी देवी देवताहरुको जात्रा गाउँघरमा द्वारेको  उपस्थितिमा गरिने परम्परा  चलेको थियो ।

गणेशटोलस्थित गणेशको मन्दिरमा स्थापित  ने.सं. ८४०(वि.सं.१७७८) को शिलालेखमा यस ठाउँलाई *बारेगांदेशया* उल्लेख गरिएको छ( बज्राचार्य , २०५६, पृ.४२४)   ।

त्यस्तै बालागाउँ पाटीको शिलालेख ने.सं. ८३६(वि.सं.१७७३)मा *बालागामदेश* उल्लेख गरिएको छ (बज्राचार्य,२०५६, पृ.४०१ ।

चिवहालटोलको ने.सं. ८३७(वि.सं.१७७४) को शिलालेखमा *बारेगामदेश* उल्लेख गरिएको छ (बज्राचार्य,२०५६ पृ.४०५) ।

माताातीर्थ चौरको शिलालेखको अभिलेखमा ने.सं. ७८२(वि.सं.१७१९) मा *बुंगदेश* उल्लेख गरिएको छ ( बज्राचार्य,२०५६,पृ.१२४) ।

आधुनिक कालमा वि.सं. २०१८ सालसम्म यो क्षेत्र ललितपुर जिल्ला अन्तर्गत पाटनमा थियो । २०१८ सालमा नेपाललाई १४ अंचल पचहत्तर जिल्लामा विभाजन गरेपछि बालागाउँ काठमाडौं जिल्ला अन्तर्गत रहेको पाइन्छ । (सुवेदी, २०५९ पृ. ५४) ।

महालक्ष्मीको मन्दिरमा राखिएको शिलालेखमा सं. ८४७( वि.सं.१७८४) मा दाफा( भजन) र सोही स्थानमा ढुंगा छाप्ने काम रायजु सुरंकि बंस समेतले गरेको उल्लेख गरिएको अभिलेख अनुसन्धानको क्रममा पाइएको छ । जुन परिशिष्ट ३ मा उल्लेख गरिएको छ ।

त्यस्तै यसै मन्दिरसँगैको पाटीमा राखिएको ने.सं. ८८४(वि.सं. १८२१)को अभिलेखमा जयकृष्ण भारो समेतले पर्खाल बनाएको उल्लेख गरिएको पाइएको छ । (परिशिष्ट ४)

यसरी विभिन्न साहित्यिक श्रोतको अध्ययन गर्दा यो बस्ती प्राचीन भएको पुष्टि हुन आउँछ भने पुरातात्विक श्रोतको अध्ययन गर्दा यो बस्तीमा स्थापित मन्दिर मध्यकालको अन्त्यतिरको भएको पाउँछौ । महालक्ष्मी मन्दिरमा स्थापित शिलालेखले जात्राको बारेमा कुनै उल्लेख नगरेपनि दाफा भजनको बारेमा उल्लेख भएबाट यस क्षेत्रमा प्रचलित रहँदै आएको धार्मिक भजनको बारेमा जानकारी पाउन सक्छौं । दाफा भजन हाल पनि जात्राका अवसरमा समूह बनाई गाउने गरिन्छ (चित्रफलक ८) ।

यसबाट उपर्युक्त विवरण अनुसार यस क्षेत्रको मन्दिरहरु तथा जात्रा मध्यकालीन समयका भएको जानकारी पाउन सक्छौं ।

# अध्याय :तीन

# महालक्ष्मी जात्राको ऐतिहासिकता

## ३.१ महालक्ष्मी

नेपाली संस्कृतिको अभिन्न अंगको रुपमा विभिन्न चाडपर्व,जात्रा, उत्सवहरु रहेका छन् । यी जात्रा, चाडपर्व, उत्सवहरुले नेपाली जनजीवनमा ठूलो प्रभाव पारेका हुन्छन् । मानिस आफ्नो जीवन जिउने क्रममा आफ्ना दैनिक कार्यहरु गर्दै जाँदा लाग्ने थकानलाई मेटाउन विभिन्न मनोरञ्जनका साधनको खोजी गर्ने गर्दछ । यही क्रममा मनाइने यी चाडपर्व, जात्रा, उत्सवहरुबाट प्राप्त हुने केही क्षण वा केही दिनको आनन्द, रमाइलो, विश्रामबाट मानिसको संघर्षमय जीवनलाई एउटा नयाँ जोश , जाँगर, उत्साह , शक्ति आदि मिल्दछ । यसवाट मानिसले आफनो कार्यहरुलाई अझ राम्रोसँग  गर्न सक्दछ । त्यसकारण भौगोलिक स्थिति, प्राकृतिक वातावरण, रहनसहन तथा समय अनुसार मानिसले जात्रा, चाडपर्व, उत्सवहरु आदि मनाउन थाले ।

हुनतः  वर्षभरिमा नेपालीले अनेकौं जात्रा, चाडपर्वहरु मनाउने गरेका छन्  चाहे त्यो मनोरञ्जनका  लागि होस, धर्म प्राप्तिका लागि होस् वा अरु कुनै कारणले होस । नेपालीहरु टाढा टाढाबाट घर फर्की आफनो गच्छे अनुसार आफनो मौलिक परम्परा ,जात्रा, चाडपर्व रमाइलोसँग मनाउने गर्दछन् । वर्ष भरिका प्रत्येक दिनलाई पवित्र ठानी प्रत्येक दिन भने झैं साना वा ठुला चाडपर्वहरु मनाइन्छन् ।  यही बर्षभरिका परम्परागत चाडपर्व ,जात्रा,उत्सवहरु मध्ये महालक्ष्मीको जात्रा पनि एक हो ।

प्राचीन कालदेखि नै मानिसहरुले कुनै न कुनै  रुपमा प्रकृति वा नारी शक्तिको पूजा तथा अर्चना  गर्दै आइरहेका छन्  । सम्पूर्ण ब्रम्हाण्ड प्रकृति र पुरुषबाट नै सृजना भएको मानिन्छ । यसैले सृष्टिकर्ताको रुपमा प्रकृतिलाई  शक्तिको मूल मानिन्छ (जोशी,२०४०, पृ.२०) ।

मातृकापूजा कहिलेदेखि शुरु भयो भन्ने अहिलेसम्म निश्चित रुपमा भन्न नसकिएतापनि पुरातात्विक आधारमा सिन्धुघाँटीको सभ्यता पत्ता लागेपछि मातृपुजा देखिन थालेको कुरा त्यस समयमा प्राप्त केही देवीका मूर्ति उत्कीर्ण पाइएवाट अनुमान गर्न सकिन्छ । त्यस्तै महाभारतको भिष्मपर्वमा कृष्णकै सल्लाहअनुसार अर्जुनले महाभारतको युद्धमा देवी दुर्गाको उपासना गरेका

थिए । लिच्छविकालीन मुद्रा मानांक र गुणांकमा लक्ष्मीको मूर्ति उत्कीर्ण गरेकोले शाक्तधर्मको प्रभाव देख्न सकिन्छ ।

चांगुको मानदेवको स्तम्भ अभिलेखमा मातृका शब्दको स्पष्ट उल्लेख नगरिएतापनि बसुमति, लक्ष्मी जस्ता देवीहरुको नाम उल्लेख गरिएबाट मानदेवको समयमा शाक्तधर्म तत्कालीन जनजीवनमा लोकप्रिय भएको संकेत पाइन्छ (जोशी, २०४०, पृ.२०) ।

काठमाडौं उपत्यकाभित्र पाइएको सर्वप्राचीन मूर्ति पाटन च्यासल टोलको गजलक्ष्मीको मूर्ति हो । यो मूर्ति ईशापूर्व प्रथम शताब्दी मानिएको छ (बाङदेल,२०३९,पृ. २६) ।

नेपाल र भारतको प्राचीन इतिहास हेरेमा देवीदेवताको अनेक स्वरुपको कल्पना गरी विभिन्न ढंगले पुजा अर्चना उपासना गर्ने परम्परा धेरै पुरानो देखापर्छ । प्राचीनकालदेखि नै शक्तिपूजाको एकनाशले विकास भएर आएको हो । भारतमा कुषाण र गुप्त शासकहरु शक्तिका उपासक देखिन्छन् । त्यस समयदेखि लक्ष्मी, सप्त वा अष्टमातृका, महाविद्याहरुका एकल वा समूह मूर्तिहरु नेपाल र भारतमा बन्न थाले । चित्रकलामा पनि देवीका अनेक स्वरुपहरु चित्रित गरिए । मूर्ति र चित्र दुवै विधामा शक्तिका उग्र र सौम्य दुवै रुपमा कृतिहरु बनेका पाइन्छन् । उग्ररुपमा महिष मर्दिनी लोकप्रिय भइन् (खत्री, २०५५,पृ. ५८) ।

यसरी महालक्ष्मीको उत्पत्ति तथा उनका योगदानको स्मरणमा नवदुर्गाको एक स्वरुपको रुपमा दशैंमा पूजा अर्चना गरिन्छ र तिनै देवीको खटयात्रा गरी विभिन्न समयमा विभिन्न स्थानमा पूजा अर्चना गरिन्छ । लक्ष्मीको उग्ररुप महालक्ष्मीलाई बलि दिई पूजा आराधना गर्ने प्रचलन छ ।

लक्ष्मीलाई हिन्दु परम्परा अनुसार दुई प्रकारबाट पूजा गरिन्छ । सौम्य र रौद्र रुपमा । सौम्यरुपमा बिष्णुकी अर्धागिंनी लक्ष्मी जसलाई बिष्णुसँग बसेको वा एकल हात्तीले अभिषेक गरेको देखाइन्छ ।

ब्राह्मी, वैष्णबी, माहेश्वरी, ऐन्द्री,कौमारी,बाराही र चामुण्डा सप्तमातृका हुन् । सप्तमातृकाहरुमा महालक्ष्मी थपिएपछि यस समूहलाई अष्टमातृका भनिन्छ ।

महालक्ष्मीलाई मार्केण्डय पुराण र देवी भागवतमा शाक्त सम्प्रदायको अमूल्य निधिको रुपमा लिइएको छ । उपर्युक्त ग्रन्थहरुमा महालक्ष्मीलाई मातृका गणको मूलश्रोत मानिन्छ र महालक्ष्मीलाई अम्विका, भवानी आदि विभिन्न नामवाट संवोधित गर्ने परम्पराको सुरुवात पनि यही ग्रन्थबाट भएको देखिन्छ । शाक्त संप्रदायमा महालक्ष्मीलाई सृष्टिकर्ताको रुपमा लिइन्छ । महालक्ष्मीको उत्पत्तिबारे असुरहरुको राजा महिषासुरसँग सम्वन्धित गराइएको छ ।

महालक्ष्मी महिषाषुर मर्दिनीका रुपमा मानिन्छ । महिषासुर नामक दैत्यलाई वध गरी देवताको उद्धार गरेको वर्णन दुर्गासप्तसतीमा उल्लेख गरिएको छ ।

उक्त ग्रन्थमा जब महिषासुर नामक दैत्यले लामो समयसम्म युद्ध गरी इन्द्रको स्वर्ग आफ्नो वशमा राखेर देवताहरुलाई दुःख दिई रहेका थिए । तब देवताहरुले ब्रम्हालाई अगाडि सारेर शंकर र बिष्णु भएका ठाउँमा गई महिषासुरले सूर्य,इन्द्र, अग्नि, ,वायु, चन्द्रमा,यम, वरुण तथा अन्य देवताहरुको अधिकार खोसेर सवको मालिक बनेर बसी पृथ्वीमा पनि मानिसहरुलाई पनि दुःख दिन लागेको हुँदा हामी तपाईहरुको शरणमा आएका तथा हामीलाई बचाउने कुनै उपाय सोच्नुहोस् भनी अनुरोध गरे ।

देवताहरुको वचन सुनेर शंकर र बिष्णु ती दैत्यसँग क्रोधित हुँदा विष्णुको मुखबाट महान् तेज प्रकट भयो र अन्य देवताहरुको शरीरबाट पनि तेज उत्पन्न भई सवै तेज मिलेर एक भयो । ती देवताहरुको शक्ति नारीरुपमा तीनै लोकमा व्याप्त हुन गयो । भगवान शंकरको तेजबाट मुख उत्पन्न भयो । यमराजको तेजबाट शीरमा कपाल बन्यो । विष्णुको शक्तिवाट हातहरु बने । चन्द्रमाको तेजबाट स्तन तथा इन्द्रको तेजबाट बीचको भाग बन्यो । बरुण, पृथ्वी, ब्रम्हा, सूर्य, वसु, कुवेर, प्रजापति,बायु तथा अन्य देवताहरुको शक्तिबाट ती शक्तिले पूर्णता पाइन । उक्त नारीस्वरुपा शक्तिलाई देवताहरुले आ- आफ्ना अस्त्रहरु दिए । ती नै महालक्ष्मी स्वरुपा (चित्र फलक १) शक्तिले महिषासुर र उसको सेनालाई मारी देवताहरुको उद्धार गरेको कुरा मार्कण्डेय पुराणको अंश दुर्गासप्तसतीमा उल्लेख छ (शास्त्री ,२०६९, पृ. ७५–८७) ।

शक्तिपूजाको महत्व प्राचीन तथा मध्यकालमा जति थियो , अहिले पनि त्यति नै छ । हरेक वर्ष आश्विन शुक्ल प्रतिपदा देखि दशमी सम्म दुर्गाका उपासना नगर्ने हिन्दू विरलै पाइएलान् (खत्री,२०५५, पृ.५९) ।

भाषाबंशावलीमा उल्लेख गरिएअनुसार गुरु महेश्वर ठाकुर र मन्त्री  सुद्धिसेनको सम्मत लिई  राजा विक्रमादित्यले अष्ठमीको दिन शास्त्रोक प्रमाणले महालक्ष्मीको व्रतको प्रतिष्ठा गरेका थिए  (पौडेल,२०२०,पृ.६३) ।

काठमाडौं उपत्यकामा पहिलेदेखि नै लोकप्रिय भएका देवीहरुका यात्रा तथा जात्रा चलाउने परम्परा अहिलेसम्म कुनै न कुनै रुपमा कायम छ ।  जस्तै नाला भगबतीको जात्रा , नवदुर्गाको नाच, महालक्ष्मीको रथयात्रासाथै महालक्ष्मीको ब्रत बस्ने प्रचलन यहाँ कायमै छ । यसरी  यहाँ सवै शाक्त देवीहरुको आस्थापूर्वक  पुजा गर्ने परम्परा छ । यिनमा महालक्ष्मीको व्रत बस्ने र पुजा गर्ने परम्परा निकै लोकप्रिय रहँदै आएको पाइन्छ । परम्परा अनुसार प्रत्येक  बर्ष भाद्र शुक्ल सप्तमी देखि भाद्र कृष्ण सप्तमी अर्थात सोऱ्हदिन सम्म महालक्ष्मीको व्रत  बस्ने चलन छ ।

महालक्ष्मीलाई विष्णुको अर्धाङ्गिनि, बसुन्धरा,अन्नपूर्णको रुपमा ,कृषि उत्पादनको संरक्षकको रुपमा , भैरवीको रुपमा तथा गाईलाई पनि लक्ष्मीको रुपमा मान्ने गरिन्छ  (एण्डरसन, २००५, पृ. १८३) ।

यसरी महालक्ष्मीले पौराणिक कालमा देवताको शक्तिको रुपमा रही आसुरी शक्तिको विनाश गरेकी  थिइन् । पछि जब कृषि प्रणालीको विकास भयो तब कृषि उपजको संरक्षकको रुपमा बसुन्धरा , अन्नपूर्णको रुपमा उनलाई मान्न थालियो । गाईलाई लक्ष्मीको रुपमा पूजा अर्चना गर्न थालियो  र देवीलाई खुशी पार्न  मानिसहरुले विभिन्न क्रियाकलापहरु गर्न थाले । खट् बनाई देवीको प्रतिमालाई खटमा राखी नचाउने, बाजागाजा बजाउने, देवीलाई मन पर्ने खाद्यबस्तु चढाउने र  आफन्तहरुलाई बोलाउने, रमाइलो गर्ने चलन रहन गयो ।

## ३.२ महालक्ष्मी जात्रा

बस्तीको बिकास र विस्तार भएपछि महालक्ष्मीको भव्य जात्राको पनि विस्तार भयो । स्थान विशेष अनुसार केही पृथक रुपमा मान्न थालियो । काठमाडौंको पश्चिमी भेग थानकोट, टेकानपुर,बलम्बु , बालागाउँ, लुभु जस्ता ठाउँहरुमा मनाइने जात्रामा मूलरुपमा महालक्ष्मी नै भएपनि जात्राको विधि र प्रकृया फरक फरक छन् तथा हालसम्म निरन्तर रुपमा चलिरहेका छन् । ती मध्ये  पाटन नगरबाट सात किलोमिटर पूर्वमा अवस्थित लुभुमा  स्थापित लुभु महालक्ष्मी मन्दिर पनि एक हो । भाषा वंशावली अनुसार चार महालक्ष्मीहरुमा बोडेको महालक्ष्मी, पाटन

लगनखेलको महालक्ष्मी , खोकनाको महालक्ष्मी र लुभुको महालक्ष्मी प्रसिद्ध महालक्ष्मीहरु हुन् (पौडेल,२०२०, पृ.३५) ।लुभु महालक्ष्मी मन्दिर कला, संस्कृति र धर्मका साथै विभिन्न पर्व तथा जात्रा परम्पराहरुको परिप्रेक्ष्यमा निकै महत्व राख्दछ (श्रेष्ठ, २०६४, पृ..३९) ।

यहाँको महालक्ष्मी जात्रा प्रत्येक वर्ष बैशाख शुक्ल तृतीयाको दिन शुरु गरी बैशाख शुक्ल एकादशीको दिन विसर्जन हुन्छ । आठ दिनसम्म मनाइने यो जात्रामा महालक्ष्मी , महाभैरव, गणेश, कुमार र कुमारीको मूर्ति (मुकुण्डो) खटमा राखी जात्रा गर्ने परम्परा छ (श्रेष्ठ,२०६४, पृ..३९) ।

जात्रा शुरु गर्न अक्षय तृतीयाको अघिल्लो दिन जात्राको बन्दोबस्त मिलाई *छ्यौलाभू* गरी सात थकालीहरु बसी समेबजी खाने गर्दछन् र राति देवीलाई जाग्राम राख्ने भनेर सात थकालीका छोराहरु समेत उपस्थित भई देवी देवताहरुलाई सम्पूर्ण गरगहनाले सजाई विशेषपूजा गरिन्छ । यस कार्यलाई श्रीलाई जाग्राम गराउने भनिन्छ र सो सम्पन्न गर्न सबैजना मन्दिरमै जाग्राम बस्ने गर्दछन् (श्रेष्ठ, २०६४, पृ.३९) ।

थानकोट महालक्ष्मी जात्रा कार्तिक पूर्णिमा भनौ *सकिहिला पुन्हि*को अघिल्लो दिन प्रारम्भ भई मार्गकृष्ण प्रतिपदाको दिनसम्म चल्दछ । यो जात्रालाई सिन्दुर जात्रा पनि भनिन्छ । यसरी यो महालक्ष्मी भनौं सिन्दूरजात्रा थानकोटमा तीनदिनसम्म भव्यरुपले मनाइन्छ । जात्राको पहिलो दिनको रातमा आचाजु(कर्माचार्य) द्वारा होम गराई जात्राको लागि विभिन्न देवीदेवताहरुलाई आह्वान गर्ने कार्य गरिन्छ । प्रत्येक वर्ष गरिने यो जात्राको पहिलो दिन होमगर्ने कार्य सञ्चालनको लागि थानकोटका द्वारेहरुका सत्र खलकको एक होम गुठी बनाइएको छ । यसै गुठीद्वारा यो होमको कार्य सम्पन्न गरिन्छ (जोशी, २०६०, पृ. १८१) । थानकोट महालक्ष्मी जात्रामा महालक्ष्मी ,आदि नारायण, भैरब, गणेश पूजा गरिन्छ ।

त्यस्तै काठमाडौंको पश्चिम भेगस्थित बलम्बुमा महालक्ष्मी जात्रा ३ दिनसम्म मनाइन्छ । कार्तिक शुक्ल अष्ठमीदेखि दशमी सम्म मनाइने यस जात्रामा महालक्ष्मी, कुमारी तथा गणेशको खटयात्रा गरिन्छ । यहाँको गुठी श्रेष्ठ थरले चलाइरहेका छन् तापनि महर्जन तथा अन्य थरका मानिसहरुको पनि उल्लेख्य सहभागिता यस जात्रामा रहेको हुन्छ (श्रेष्ठ,२०७४,पृ.४) ।

काठमाडौंबाट दक्षिण-पूर्व तथा थानकोटबाट नजिक रहेको स्थान टेकानपुर हो । टेकानपुरमा महालक्ष्मीलाई धनधान्यको देवीको रुपमा मानिन्छ । टेकानपुरमा महालक्ष्मी पुजा ३ दिनसम्म गरिन्छ । कात्तिक शुक्ल पूर्णिमाको दिन साँझ गाउँको मुखियाको घरवाट बाजागाजासहित पित्तलको धातुमुर्ति निकाली खुला ठाउँ रुखमुनि राखिन्छ । स्थानीय पुरुषहरुले महालक्ष्मीलाई बोकाको बलि चढाउँछन् र प्रसाद तथा आशीर्वाद लिन्छन् । जाँड, मासु खान्छन् । महालक्ष्मीलाई खुशी पार्न रातभरि नाच्ने, गाउने गर्दछन् । भोलिपल्ट विहान पुरुषहरुले महिलाहरुलाई विभिन्न परिकारहरु बनाई खुवाउने गर्दछन् । यसले नारी शक्तिलाई पुरुषले सम्मान गर्ने परम्परालाई उजागर गर्दछ । त्यसपछि धातुको मूर्तिलाई जहाँवाट ल्याइएको हो त्यहीँ लगेर अर्को वर्षको लुकाएर राखिन्छ । महालक्ष्मीको मुर्तिलाई गाउँको मुखियाले मात्र पुजा गर्ने गर्दछन् । टेकानपुरमा महालक्ष्मी तथा भैरवीको खटयात्रा नगरी महालक्ष्मी र भैरवीको धुमधामसँग पुजामात्र गरिन्छ (एण्डरसन,२००५,१८३-१८४) ।

बालागाउँमा महालक्ष्मी जात्रा कात्तिक शुक्ल त्रयोदशी देखि कात्तिक शुक्ल पूर्णिमा सम्म ३ दिन गणेश, महालक्ष्मी तथा वन महालक्ष्मीको पुजा अर्चना तथा तीनवटै देवीदेवताका धातुमूर्तिहरुको खटयात्रा गरी मनाइन्छ । यस जात्राको प्रारम्भिक अवस्थामा महालक्ष्मी, वनमहालक्ष्मी तथा गणेशको मूर्तिलाई ढक्कीमा राखी डुलाउने गरिन्थ्यो । पछि उक्त मूर्तिलाई खटमा राखेर घुमाउन थालियो । कालान्तरमा महालक्ष्मी तथा अन्य देवी देवताको मन्दिरहरु निर्माण हुन थाल्यो । जात्रा संचालनका लागि गुठीको स्थापना हुनुका साथै जग्गाको आम्दानीवाट जात्रा संचालन हुन थालेको यहाँका स्थानीय बताउनुहुन्छ ।

महालक्ष्मीको मन्दिरमा राखिएको शिलालेखमा सं. ८४७( वि.सं.१७८४) मा दाफा( भजन) र सोही स्थानमा ढुंगा छाप्ने काम रायजु सुरंकि बंस समेतले गरेको कार्य उल्लेख गरिएको छ (परिशिष्ट ३) ।

त्यस्तै यसै मन्दिरसँगैको पाटीमा राखिएको ने.सं. ८८४(वि.सं. १८२१) मा जयकृष्ण भारो समेतले पर्खाल बनाएको उल्लेख गरिएको छ ( परिशिष्ट ४ ) ।

उक्त स्थानमा भएका दुईवटा शिलालेखले यो मन्दिर स्थापनाको बारेमा यकिन जानकारी दिएका छैनन् । जात्राको बारेमा पनि कुनै जानकारी पाउन सकिएको छैन तापनि ने.सं. ८४७(

वि.सं. १७८४)मा ढुंगा छापी दाफा(भजन)को व्यवस्था गरेको हुनाले यो जात्रा मध्यकालीन हो भन्ने अनुमान लगाउन सकिन्छ ।

महालक्ष्मीले रक्षा गर्ने धारणाले गर्दा महालक्ष्मीको उपासना गर्ने चलन चल्यो । बार्षिक रुपमा महालक्ष्मीको खटयात्रा गर्ने परम्पराकै रुपमा निरन्तरता पाइरहेको छ । लुभु, थानकोट, बलम्बु, बालागाउँ जस्ता स्थानहरुमा खटयात्रा गरी मनाइन्छ भने टेकानपुरमा खटयात्रा नभई पुजा उपासना मात्र गरिन्छ ।

यसरी लुभु, थानकोट,बलम्बु टेकानपुर तथा बालागाउँमा आ-आफ्नै तरीकाबाट महालक्ष्मीसँगै अन्य देवीदेवताको पूजा तथा खट यात्रागरी महालक्ष्मी जात्रा मनाइन्छ ।

जे जसरी जुनविधिबाट मनाइने भएपनि महालक्ष्मीको उपासना निरन्तर भइरहेको छ । यो प्राचीन परम्परा हाम्रा संस्कृतिका अमूल्य निधि हुन्, हाम्रा पहिचान हुन् ।

# अध्याय : चार

# बालागाउँका चाडपर्वहरु, आख्यानहरु तथा टोलहरु

## ४.१ बालागाउँमा मानिने चाडपर्वहरु

विशेषतः नेवार जातिको बसोबास रहेको यस क्षेत्रमा राष्ट्रिय चाडपर्वका अतिरिक्त स्थानीय चाडपर्वहरु मनाइन्छ । यस क्षेत्रमा मनाइने चाडपर्वहरु निम्नानुसार रहेका छन् ।

### ४.१.१ दशैं *(मोहनी)*

यो पर्वलाई यस क्षेत्रका मानिसहरुले मोहनीका रुपमा मान्दछन् । खासमा दशै नै नेवारी भाषामा मोहनी हो । यो पर्व वर्षको दुई चोटि मानिने गरिन्छ, पहिलो चैत्रमा र दोस्रो असोज कार्तिकमा । यस पर्वमा देवी दुर्गाको आराधना गरी तथा महालक्ष्मी बनमहालक्ष्मी र गणेशको मन्दिरमा पूजा आराधना गरी मनाइन्छ । फुलपातीका दिन फूलपाती भित्र्याइन्छ ,महाअष्ठमीको दिन कुछिभ्वेः खाने चलन छ । त्यस्तै महानवमीको दिन यी शक्तिपीठमा बलिसहित पुजा अर्चना गर्ने गर्दछन् । विजयादशमीको दिन आफूभन्दा ठूलाको हातबाट टीका लगाइन्छ । यो कार्य कोजाग्रत पुर्णिमासम्म कायम रहन्छ ।

### ४.१.२ तिहार *(स्वन्ति)*

यो पर्वमा यहाँका बासिन्दाहरु काग, कुकुर,गाई, गोरु तथा तिहारको पाँचौ दिन भाईटिका( किजापुजा) गरी मनाउँदछन् । गोबर्द्धन पूजाको दिन नेपाल संवत शुरु हुने हुनाले त्यो दिनलाई न्हूँदँको रुपमा पनि मान्दछन् । उक्तदिन म्हपूजा गर्ने गर्दछन् , म्हपूजा आफनो शरीरलाई गरिने पूजा हो । देउसी भैलो पनि खेल्ने गर्दछन ।

### ४.१.३ गठेमंगल

हाम्रो समाज कुनै न कुनै समयमा खराब तत्व, आसुरी शक्तिको सामना गरिरहेको छ । गठेमंगलमा यहाँका वासिन्दाहरु राक्षसको प्रतीकका रुपमा जंगलबाट ल्याएका उन्यू, च्यालपट ( धसिंगर ) जस्ता वनस्पतिहरु ल्याएर छ्वालीमा बेरी बालेर दोवाटोमा फाल्ने चलन रहेको छ । यसो गर्नाले खराव तत्वले आक्रमण गर्न नसक्ने विश्वास गर्ने गरिन्छ ।

### ४.१.४ जनैपूर्णिमा,

यस पर्वलाई यहाँका बासिन्दाहरु गुन्हि पुन्हिका रुपमा मान्दछन् । यसपर्वमा विभिन्न गेडागुडीको मिश्रणलाई क्वाँटीको रुपमा सेवन गर्ने गर्दछन् । यो दिन भ्यागुतालाई भात खुवाउने चलन रहेको छ । भ्यागुतालाई भात खुवाउन भ्यागुतो पातमा भात राखी खेत तथा बारीमा राखिदिने चलन रहेको छ ।

### ४.१.५ योमरि पुन्हि

धान भित्र्याएपछि यो पर्व मनाइने गरिन्छ । यो पर्वमा चामलको पीठोमा चाकु राखी बनाइन्छ यो अति नै स्वादिष्ट हुने गर्दछ । यो दिनलाई धान्य पूर्णिमाको रुपमा पनि मनाइन्छ ।

### ४.१.६ माघे संक्रान्ति

यो दिनलाइ घ्यो चाकु सन्हुको रुपमा मनाइन्छ । साथै आफ्नै बारीमा उमारेको तरुल उसिनेर खाने चलन पनि रहेको छ ।

### ४.१.७ सिठी नखः

ज्येष्ठ शुक्लपक्ष षष्ठीका दिन कुमारको जन्मदिनको अवसरमा सिठी नखः मनाइन्छ । यो दिन यहाँका बासिन्दाहरु नुवाई धुवाई गरी घरसफा गर्ने गर्दछन । यो दिन यहाँका कुवा , पँधेरा , इनार इत्यादि सफा गर्ने गर्दछन् । चटाःमरी(एक प्रकारको चामलको रोटी) बनाई खाने गर्दछन् । यो दिन अन्य दिन देवाली नगर्नेले देवाली गर्ने गर्दछन् ।

यस क्षेत्रका बासिन्दाहरुले यसका अतिरिक्त अन्य चाडपर्वहरु पनि मनाउने गर्दछन् । यसरी समाजको सांस्कृतिक जीवन तथा धार्मिक क्षेत्रको प्राणको रुपमा चाडपर्व रहेका हुन्छन् । नेपालमा सम्पूर्ण जनजातिहरु आ-आफ्नो जाति ,वर्ण र धर्म अनुसार चाडपर्व मनाउने गर्दछन् ।

## ४.२. जात्रासँग सम्बन्धित आख्यानहरु

### ४.२.१. महालक्ष्मी

स्थानीयका अनुसार बालागाउँमा एक पटक रोगको प्रकोप भएको थियो । यसबाट ठूलो क्षति भएको थियो । त्यो क्षतिबाट यहाँका बासिन्दाहरु ज्यादै निराश थिए र एकदिन बाहिर घण्टि बजेको सुने । यहाँका मानिसहरु डराउने भएकाले कोही बाहिर जान सकेनन् । तिनीहरुले घरको खटप्वालबाट हेर्दा देवीले माताको रुपमा सिंहमाथि चढेको यहाँका मानिसहरुले देखे । उनीहरुले सिंहमाथिको नारीरुपलाई भयंकर कालीको रुप देखे । एक छिनपछि कालीको त्यो सिंहमाथिको भयंकर रुप अलप भयो र आकाशवाणी भयो । आकाशवाणीमा तिमीहरुले देवीदेवता नमानेकोले यो द:ख आइपरेको हो, त्यसकारण जहाँ म अलप भएँ सो ठाउँमा मेरो मूर्ति स्थापना गरी पूजा गर्नु भन्ने आदेश भयो । त्यसपछि यहाँका बुढापाकाहरु सल्लाह गरी उक्त ठाउँमा पत्थरको निराकार मूर्ति स्थापना गरे । पित्तलको मूर्ति ढक्कीमा राखेर पूजा गर्ने चलन चलाए । पछि भने खटमा राखी जात्रा चलाइयो ।

### ४.२..२ वनमहालक्ष्मी

वनमहालक्ष्मीलाई पूजा गर्न पहिला मातातीर्थको जंगलमा जानुपर्दथ्यो । उक्त स्थान बस्ती भन्दा धेरै टाढा थियो । जुन डाँडामा पर्दथ्यो, अनकण्टार जंगलको बीचमा थियो । बार्षिक रुपमा पूजा संचालन भइरहेको थियो । तर त्यहाँ पूजा गर्न जाँदा मानिस नै नफकर्ने स्थितिको सृजना भयो । पछि त्यही महालक्ष्मीलाई गाउँका भद्रभलाद्मीको सल्लाहअनुसार बस्ती नजिकै तल सारी पूजा गर्न थालियो । हाल जहाँ देवीलाई सारियो उक्त स्थानमा मन्दिर बनाइएको छ र वनबाट तल सारिएको हुनाले यसलाई वनमहालक्ष्मी भनिएको हो स्थानीय बताउनुहुन्छ ।

### ४.२..३ सिद्धिविनायक गणेश

यस गणेशलाई महालक्ष्मी तथा वन महालक्ष्मीको भाइको रुपमा मानिन्छ । जात्राको अघिल्लो दिन गणेशको खटले महालक्ष्मी र वनमहालक्ष्मीको खटलाई लिन जाने तथा त्यसको भोलिपल्ट पुऱ्याउन जाने परम्परा रही आएको छ ।

उपत्यकामा प्रायः सवै शक्तिपीठका उत्पतिबारे आ-आफ्नै किसिमका कथा तथा किंवदन्तीहरु रहेका हुन्छन् । साथै शक्तिपीठकाहरुको निश्चित दिनमा जात्रा गर्ने परम्परा रहेको छ । यस्ता जात्राामा निश्चित क्षेत्रभित्र खटयात्रा गर्ने गरिन्छ । बालागाउँमा खटयात्रा कार्तिक शुक्ल पूर्णिमाका दिनमा हुन्छ ।

उपत्यकाभित्र शक्तिपीठको बार्षिक खटयात्रा नालाभगवतीको र लुभु महालक्ष्मीको बैशाख शुक्ल तृतीयाको दिनमा तथा थानकोट महालक्ष्मीको मार्गकृष्ण प्रतिपदा बलम्बुमा महालक्ष्मी जात्रा कात्तिक शुक्ल दशमीका दिन पर्दछ । शक्तिपीठको पूजा अर्चना गर्दा व्रत बस्ने चलन रहदै आएको छ ।

अधिकांश शक्तिपीठहरुमा बार्षिक जात्रा गर्दा सम्बन्धित देवीको प्रतीक धातु मूर्तिलाई पारस्परिक विधान अनुसार खटमा राखी सम्वन्धित देवी देवताको इलाकाभित्र खटयात्रा गरिन्छ । खटयात्रामा स्थानीय बासिन्दाहरु तथा शक्तिपीठसँग सम्बन्धित गुठियारहरु जात्राभरि नै व्यस्त रहने गर्दछन् ।

## ४.३ बालागाउँका टोलहरु

बालागाउँमा विभिन्न टोलहरु रहेका छन् । ती टोलहरुको धार्मिक तथा ऐतिहासिक महत्व रहेको छ ।

### ४.३.१ पिलिगाँ टोल

बालागाउँको राधाकृष्ण मन्दिरदेखि महालक्ष्मी मन्दिरसम्मको क्षेत्रलाई पिलिगाँ टोल भनिन्छ । यस टोलमा एक पाटी पनि रहेको छ । जुन हाल भग्नावशेषका रुपमा रहेको छ । यसमा रहेको एक शिलालेखमा संबत ८३६(वि.सं.१७७३)मा बालागामदेशका सुलकिवंश, मानसिंह भारोसेनले दिवंगत मातापिताको नाममा यज्ञ गरी भोजको व्यवस्था गरेको उल्लेख गरिएको छ । अत्यन्तै कारुणिक अवस्थामा रहेका ढुंगेधाराहरु यत्रतत्र देख्न सकिन्छ । यस टोलमा एउटा चैत्य रहेको छ । उक्त चैत्य वनेपाका बुद्धधर्मालम्वीहरुले स्थापना गरेका थिए । स्थानीय पंचकुमार श्रेष्ठका अनुसार मातातीर्थजस्तो पवित्र स्थानको सुन्दर गाउँप्रति आस्था प्रकट गरेर यो निर्माण गरेको हुनसक्छ ( रुपाखेती , २०५९, पृष्ठ ६१) ।

यस टोलबाट जात्रा महालक्ष्मीको मन्दिरतर्फ अघि लाग्छ । यो टोलमा तीनवटै खट बाजागाजा र मूलपूजारी सहित अघि बढ्दछन् । यस टोलमा रहेको चैत्यलाई तीनवटै खटद्वारा परिक्रमा गर्ने चलन पनि रहेको छ । यस टोलमा रातको समयमा उलेख्य मानिसको उपस्थिति हुन्छ । टोलका घरघरबाट फुलमाला , अवीरले जात्रामा सहभागीहरुलाई स्वागत गरिन्छ ।

### ४.३.२ ढःसी टोल

राधाकृष्ण मन्दिरदेखि गणेश स्थानसम्मको क्षेत्रलाई ढःसी टोल भनिन्छ । यहाँ पानीको ढल रहेको हुनाले यस टोललाई ढःसी टोल भनिएको हो । यही टोलमा महालक्ष्मीको खटयात्रा गरिन्छ । यो टोल वनमहालक्ष्मीको खट रहेको स्थान हो । यहाँ जात्राको दिनमा वनमहालक्ष्मीको खटलाई सिंगारपटार गरी राखेको हुन्छ । यो टोल तीनवटै खट जात्राको संगम हुने स्थान पनि हो ।

### ४.३.३ गणेशटोल

गणेश मन्दिरको आसपासको क्षेत्रलाई गणेशटोल भनिन्छ । अनेक धार्मिक कृत्य र पुराण वाचन आदिमा पनि पवित्र ठाउँ रही आएको गणेशस्थान गाउँको माझमा अवस्थित छ । सानो परिसरभित्र गणेशस्थान देखिन्छ ( रुपाखेती, २०५९,पृ.६१) ।

यस टोललाई बालागाउँ दथुभ्mोल टोल पनि भनिन्छ (बज्राचार्य, २०५६,पृ.४२४) । दथुभ्mो को अर्थ बीच भन्ने हुन्छ । बालागाउँको मध्यभागमा रहेको र यस टोलमा गणेशको मन्दिर रहेको हुनाले यस टोललाई गणेश टोल भनिएको हो । यस टोलमा जात्राको अघिल्लो दिन गणेशको खट राखी भोलिपल्ट जात्रा गरिन्छ ।

### ४.३.४ ताः भ्mो टोल

यस टोलमा लहरै घरहरु भएकोले यस टोललाई ताःभ्mो टोल भनिएको हो । नेवारीमा रहेको ताःभ्mोको अर्थ लहरै भन्ने बुझाउँछ । यस टोलमा घरहरु सुन्दर रुपमा लहरै रहेका छन् । यस टोलमा एउटा पाटी रहेको छ । जुन पाटीमा कार्तिक महिनाभरी दाफा भजन गाइन्छ । यो

टोल महालक्ष्मीको खट रहेको स्थान हो । यस टोलमा जात्राको अघिल्लो दिन गणेशको खट तथा महालक्ष्मीको खट यात्रा गरिन्छ ।

जात्रा संचालनमा टोलको पनि महत्वपूर्ण भूमिका रहेको छ । टोलटोलबाट सिंगो गाउँको निर्माण भएको हुन्छ । बालागाउँमा थुप्रै टोल भएतापनि जात्रा संचालनका लागि पिलिगाः टोल, गणेशटोल, ढःसी टोल र ताःभ्रो टोलको महत्वपूर्ण भूमिका रहेको छ । यी टोलमा नै जात्राका संपूर्ण क्रियाकलापहरु संचालन हुन्छन् । मानिसहरुको उल्लेख्य जमघट पनि यिनै टोलहरुमा हुने गर्दछ ।

यसरी महालक्ष्मी जात्राको ऐतिहासिकता सँगै टोलको पनि अन्तरसम्बन्ध रहेको हुन्छ । खासगरी बालागाउँ क्षेत्र ऐतिहासिक भएपनि यहाँको जात्रा भने पुरातात्विक श्रोतको आधारमा मध्यकालीन हो ।

# अध्याय: पाँच

# बालागाउँ महालक्ष्मी जात्रा

## ५.१ बालागाउँ  महालक्ष्मी जात्रा

माथि उल्लेख भएका जात्रापर्वहरुमध्ये बालागाउँको  मौलिक जात्राको रुपमा महालक्ष्मी जात्रा रहेको छ। खासगरी उपत्यकामा शक्तिका रुपमा महालक्ष्मी, इन्द्रायणीको जात्रा मनाइन्छ ।

बालागाउँ क्षेत्रमा महालक्ष्मीकै दुईवटा मन्दिरहरु रहेका छन्। मुख्य महालक्ष्मी(चित्र फलक २ ) तथा बनमहालक्ष्मी (चित्र फलक ३)  । महालक्ष्मीकै मुख्यरुपमा पूजा आराधना गरिने भएकोले यस जात्राको नाम महालक्ष्मी जात्रा रहन गएको हो। यस क्षेत्रको थानकोट र बलम्बुमा पनि महालक्ष्मी जात्रा मनाइन्छ । काठमाडौंको दक्षिण-पूर्व तथा थानकोटबाट नजिक रहेको टेकानपुरमा भने महालक्ष्मीको पूजा गरिन्छ र उनलाई धनकी देवीको रुपमा मानिन्छ। खटयात्रा भने गरिदैन ।

बालागाउँ महालक्ष्मी जात्रा *सकिमना पुन्हि*का दिन मनाइन्छ । सकिमना पुन्हि भन्नाले सखरखण्ड उसिनेर खाने पुर्णिमा हो । यो पुर्णिमा कार्तिक शुक्ल पुर्णिमाको दिन हो । यो जात्रा तीन दिनसम्म मनाइन्छ ।

### ५.१.१ पहिलो दिन

महालक्ष्मी वनमहालक्ष्मी र सिद्धिविनायक गणेश मन्दिर आसपास तथा मन्दिरमा रंगरोगन गरिन्छ। यसमा सम्वन्धित गुठी खलकहरुको संलग्नता रहन्छ। गुठीको मुख्य उद्धेश्य परम्परादेखि चलिआएको जात्रालाई निरन्तरता दिनु हो । पहिलो दिन ताःको टोलको  कोतमा  रांगा काटेर *छोयलाबु* गरिन्छ । छोयलाबु भन्नाले राँगाको मासु पोलेर साँदेर समेबजी(चिउरा) खाने कार्यक्रम हो। यस कार्यमा तीनवटै गुठीको संलग्नता  हुन्छ ।

गुठी लिच्छविकाल मल्लकाल हुँदै हालसम्म निरन्तर संचालन हुँदै आइरहेको छ । गुठीलाई लिच्छविकालमा गोष्ठी भनिन्थ्यो । उक्त समयमा विविध गोष्ठी जस्तैः वादित्र गोष्ठी बाजाको लागि, प्रदीप गोष्ठी बत्तीको लागि, धुपको लागि धुप गोष्ठी हुन्थ्यो । उक्त कुरा वि.सं. ६६१( सं. ५२६) लेलेको शिवदेव र अंशुवर्माको संयुक्त अभिलेखबाट प्रष्ट हुन्छ (बज्राचार्य , वि.सं. २०३०, पृ. २८४) । यस्ता गोष्ठीहरुले देवीदेवताहरुको पूजाआजा,बत्ती बाल्ने कार्य, जात्रा संचालन साथै सामाजिक हितका निम्ति पानी बाड्ने कार्य समेत गर्दथे । महालक्ष्मी गुठी,वनमहालक्ष्मी गुठी तथा गणेश गुठीका सदस्यहरु पनि सम्वन्धित ठाउँमा भेला भई रंगरोगन गरी मन्दिरहरु सरसफाई तथा सजाउने कार्य गर्दछन् ।

### ५.१.२ दोस्रो दिन

यस दिन गुठीका सदस्यहरु व्रत वस्ने गर्दछन् । जात्रा अवलोकनका लागि नजिकका नातेदार तथा पाहुनाहरु डाक्ने प्रचलन पनि रहेको छ । चतुर्दशीका दिन गणेशको खट राखेको स्थान बुद्धकुमार श्रेष्ठको घरवाट खटमा गणेशको मूर्ति राखी धुमधामसँग बाजागाजासहित सन्ध्याकालको ७:३० देखि ८:३० सम्म उठाईसकेर नचाइन्छ । केहीबेरको नाचगान र तामझामपछि उक्त खट महालक्ष्मीको खट भएको ठाउँमा लगिन्छ । पहिले पहिले महालक्ष्मीको खटलाई द्वारेद्वारा सिन्दुर छर्की घरबाहिर निकालिन्थ्यो र त्यहाँ महालक्ष्मी खटद्वारा गणेशको खटको स्वागत गरिन्थ्यो ।

हाल द्वारेको प्रतिनिधिद्वारा सिन्दुर छर्केर महालक्ष्मीको खटलाई बाहिर निकाल्ने चलन रहेको छ । त्यसपछि द्वारेको प्रतिनिधिले व्यवस्था गरिदिएको सरकारी पुजा लिएर महालक्ष्मी तथा गणेशको खट अघि बढ्दछ । सरकारी पूजा गुठी संस्थानबाट व्यवस्था भएको हुन्छ । सरकारी पूजाको तयारी पहिले द्वारेले गर्थे । हाल द्वारेको प्रतिनिधिले गर्दछन र मानिसहरुलाई जात्रामा सहभागी हुनका लागि आदेश दिन्छन् । आदेशविना मानिस जात्रामा सहभागी नहुने हुँदा यसले परम्परागत प्रचलनको प्रतिनिधित्व गरेको बोध हुन्छ । त्यसपश्चात् बाजागाजा बजाउनेलाई भोज खुवाउने गरिन्छ ।

महालक्ष्मीको मन्दिरमा खट लगिसकेपछि सरकारी पूजा गरिन्छ । एउटा बोका र पूजा सामान लाने गरिन्छ । सरकारी पूजाको लागि रु. ३०० देखि ५०० आउने गरेकोमा हाल रु.१२००

सम्म पुगेको रोहित बलामी बताउनुहुन्छ । यो रकम कालमोचन गुठी संस्थान, मालपोत पूजाखर्चबाट आउने गर्दछ ।

यसको लागि वडा कार्यालयको सिफारिस चाहिन्छ । दशैं अगाडिको निवेदनबाट बडादशैं, महालक्ष्मी जात्रा तथा चैते दशैं का लागि भनेर रकम गुठी संस्थानको मालपोत शाखाबाट उपलब्ध हुने गर्दछ ।

रोहित बलामीका अनुसार वनमहालक्ष्मी गुठीको लागि भने आफ्नै जग्गा छ । बालागाउँका विलमाया उदासले जनक बलामीलाई जात्रा संचालनका लागि जग्गा प्रदान गरेको र जग्गाको आयस्ताबाट जात्रा संचालन भइराखेको छ । हाल तारा बलामी यस वनमहालक्ष्मी गुठीको थकाली रहेको र उनैले जात्रा संचालनको संपूर्ण विधिहरु संचालन गरिरहेका छन् ।

जात्राको अघिल्लो दिन गणेश र महालक्ष्मी खट पिली गाः टोलमा आइसकेपछि तयारी अवस्थामा रखिएको वनमहालक्ष्मीको साथ तीनवटै खटहरु नचाइन्छ । त्यसपछि पूजाका सामानहरुसहित पूजारी(थकाली) खटसहित महालक्ष्मीको मन्दिरतर्फ लाग्दछन् ।

महालक्ष्मीको खटलाई महालक्ष्मीको मन्दिरमा छोडेर गणेश, वनमहालक्ष्मीको खट मातातीर्थको बाटो भएर वनमहालक्ष्मीको मन्दिरसम्म पुऱ्याइन्छ र त्यहाँ पुगेपछि दुवै खट नचाइन्छ । मन्दिरमा वनमहालक्ष्मीको मूर्ति राखिन्छ । उक्त स्थानमा वनमहालक्ष्मीको खटलाई छोडेर गणेशको खट गणेशको मन्दिरतर्फ लाग्दछ । मन्दिरमा पुगेपछि मन्दिरमा गणेशको धातुमुर्ति राखिन्छ र खट पनि त्यहीँ छोडिन्छ । रातको समयमा गुठीका सदस्यहरुले तीनवटै स्थानमा पालोपहरा दिने गर्दछन् । रातभर जाग्राम बस्दछन् । खटयात्राको समयमा बालागाउँ र आसपासका क्षेत्रबाट मानिसहरुको बाक्लो उपस्थित हुन्छ । मौलिक भेषभूषामा स्थानीय महिलाहरुको सुरिलो बाँसुरीबादनले त्यस अवसरमा रौनकता थपिदिएको हुन्छ ।

तीनै स्थानमा राति जाग्राम बस्नको लागि पाटीको निर्माण पनि गरिएको छ । रातिको समयमा यस क्षेत्रका मानिसहरुले बत्ती बाल्ने चलन पनि रहेको छ ।

### ५.१.३ तेस्रो  दिन

यो दिन जात्राको महत्वपुर्ण दिनको रुपमा रहेको हुन्छ । विहानैदेखि श्रद्धालुहरुको यी तीनै स्थानमा पुजा गर्नेको घुइँचो लाग्दछ । यी तीनै स्थानमा वलि दिई पूजा अर्चना गरिन्छ ।  हाँस, कुखुरा र बोकाको बलि दिइन्छ भने कोही भक्तजनले नरिवल फुटाएर पुजा अर्चना गर्ने  गर्दछन् । त्यहाँ स्थापना गरिएको धातुमूर्तिमा दिनभरिजसो पूजा अर्चना भइराखेको हुन्छ ।  यी तीनै स्थानमा गुठीका सदस्यहहरुले पालो पहरा दिई रहेका हुन्छन् र त्यस दिन चढाएको अण्डा, नरिवल, हाँस, कुखुराको टाउको, बोकाको गर्धन गुठीयारहरुले राख्ने गर्दछन् ।

पूजा गरी सकेपछि तीनै देवी देवताको प्रसाद ग्रहण गरिन्छ । नेवार समाजमा जात्राका समयमा  आफ्ना घरमा छोरी चेलीलाई डाकी भोज खुवाउने चलन भएकोले  घरमा बोलाइएका पाहुनाहरुलाई टीका प्रसाद लगाइदिइन्छ । आफूलगायत आफ्ना पाहुनाहरुको लागि भोजको कार्यक्रम गरिन्छ ।

अपरान्हपछि सिद्धिविनायक गणेशको मूर्ति खटमा राखी बाजागाजासहित द्वारेका प्रतिनिधिको उपस्थितिमा जात्रामा सहभागी सहित उक्त खट महालक्ष्मीको मन्दिरतर्फ लाग्दछ । बाटामा सिन्दूरजात्रा  गरिन्छ । महालक्ष्मी मन्दिरमा  गणेशको खट आइसकेपछि  तयारी अवस्थामा रहेको महालक्ष्मीको खट र गणेशको  खट नचाइन्छ । त्यहाँ जात्रा अवलोकन गर्न आउनेको जमघट बाक्लो रुपमा रहेको हुन्छ । केही समयको रमाइलो पछि दुवै खट वन महालक्ष्मीतर्फ अघि बढ्दछ । त्यहाँ पुगिसकेपछि  तीनवटै खट नचाइन्छ ।

तीनवटै खटको नचाई निकै आकर्षक रुपमा रहेको हुन्छ । परम्परागत नेवारी वाजा धिमे ख्यालीले जात्रामा रौनकता थपेको हुन्छ । त्यस्तै परम्परागत पहिरनमा नेवार महिलाहरुको बासुरीबादन हेर्न लायकको हुन्छ  (चित्रफलक ६  )  ।

त्यसपछि तीनवटै खट बाजागाजासहित आ-आफ्नो बासस्थानतर्फ लाग्दछ सर्वप्रथम बनमहालक्ष्मीको स्थानमा पुऱ्याइन्छ ,त्यसपछि महालक्ष्मीको स्थानमा पुऱ्याई अन्तिममा गणेशको स्थानमा पुग्दछ । यति कार्य सम्पन्न भएपछि त्यस वर्षको वालागाउँको महालक्ष्मी जात्रा पनि सम्पन्न हुन्छ ।

आख्यान अनुसार  महालक्ष्मी तथा वन महालक्ष्मी  दुई दिदी बहिनी तथा गणेश  भाइका रुपमा जात्रा संचालन भएको महालक्ष्मी गुठीका थकाली सूर्यमान बलामी बताउनुहुन्छ । त्यसैले जात्रामा भाई गणेशको खट जात्रा महालक्ष्मी , बनमहालक्ष्मीकहाँ पुऱ्याउनुलाई भाइले दिदी बहिनीकहाँ  गई साथमा जात्रा गरी पुनः आ-आफ्ना स्थानमा पुऱ्याई फर्केबाट यो जात्राले दिदी र भाईबीचको प्रेमलाई बुझाएको अनुभव गर्न सकिन्छ ।

## ५.२ पूजारीहरुको कार्य र पूजा विधि

जात्राको  क्रममा महालक्ष्मी, बनमहालक्ष्मी र गणेश स्थानमा गुठीका तर्फवाट पुजारीहरुको व्यवस्था गरिएको हुन्छ । यी पूजारीहरुले जात्राको क्रममा  पुजा गर्ने गर्दछन् । पूजा तान्त्रिक विधिविधान अनुसार  गर्ने गरेको महालक्ष्मी गुठीका थकाली सूर्यमान बलामी, बनमहालक्ष्मीका गुठीका थकाली तारा बलामी तथा गणेश गुठीका थकाली बुद्धकुमार श्रेष्ठ बताउनुहुन्छ ।

### ५.२.१ महालक्ष्मीको पुजारीको कार्य र पूजाविधि

महालक्ष्मीको पुजाको लागि पुजारीको व्यवस्था गरिएको छ । पहिले  महालक्ष्मीको पुजा द्वारेले आदेश दिएर सम्पन्न गरिन्थ्यो । अहिले द्वारेको प्रतिनिधिका रुपमा उनका सन्तानले यो कार्यको निरन्तरता दिईरहेका छन्  ।  रातको दश बजेको समयमा तीनवटै खट  लगिसकेपछि गुठीको थकालीले पूजा गर्दछन् । पुजा वलि सहित गर्ने गरिन्छ । पूजाको लागि सरकारी पूजाको व्यवस्था गरिएको छ । सरकारी पूजाका लागि एउटा बोका र पूजासामान सहित खटको पछि पछि थकाली लाग्ने गर्दछन् ।

### ५.२.२ गणेशको पुजारीको कार्य र पूजाविधि

गणेशको खटबाट धातुमूर्ति मन्दिरमा स्थापना गरेपछि बलिसहित पूजा गर्ने गरिन्छ । त्यहाँ रहेको पाटीमा रातभर जाग्राम बस्ने गर्दछन् । यसको लागि सरकारी पूजाको व्यवस्था छैन । गुठीकै तर्फबाट आवश्यक पूजा साम्रगीको व्यवस्था गरिएको हुन्छ ।

### ५.२.३ वनमहालक्ष्मीको पुजारीको कार्य र पूजाविधि

खटबाट वनमहालक्ष्मीको  मुर्ति मन्दिरमा स्थापना गरेपछि गुठीयारको थकालीले बलिसहित पूजाअर्चना गर्दछन् ।  यहाँ गुठीका थकालीले आवश्यक पूजा सामग्रीको व्यवस्था गरेका हुन्छन् ।

यसरी बालागाउँमा मानिने चाडपर्वहरुमा बालागाउँ महालक्ष्मी जात्रा प्रमुख हो । यस जात्राको दिनमा बालागाउँमा छुट्टै प्रकारको वातावरण निर्माण भएको हुन्छ ।  स्थानीय बासिन्दाहरु जात्रा मनाउनको लागि टाढा गएकाहरु  घर फर्कने गर्दछन् । आफ्नो क्षमताअनुसार जात्रामा सहभागी हुनुका साथै पाहुनाहरुको स्वागत सत्कार गर्ने गर्दछन् । जात्रा संचालनका लागि सरकारबाट न्युन आर्थिक सहयोग भएपनि यहाँका बासिन्दाहरुले यथासक्य आर्थिक सहयोग गरी यस परम्परालाई निरन्तरता दिइरहेका छन् ।

## ५.३ गुठी

मानिस सामाजिक प्राणी हो । समाज र संस्कृति विना मानिसको अस्तित्व पूर्ण हुन सक्दैन । मानिसले विभिन्न समय र स्थानहरुलाई समेत उल्लेख गरेर जीवनको शुरुवात देखि मृत्युपर्यन्तसम्म आइपरेका समस्याहरुको समाधानदेखि सुख सुविधा उपभोग गरी जीवनलाई सफल , सुलभ तथा मर्यादित बनाउन विभिन्न प्रकारका क्रियाकलाप गर्दछन् । विभिन्न आर्थिक , सामाजिक, राजनैतिक, सांस्कृतिक संघ संस्थाहरुको स्थापना यी क्रियाकलापहरु भित्र पर्दछन् । विभिन्न सामाजिक संस्थाहरु मध्ये गुठी पनि सामाजिक संस्था हो । यस भित्र धार्मिक, आर्थिक तथा सांस्कृतिक कृयाकलापहरु पनि पर्दछन् । गुठी एक यस्तो संस्था हो, जसले एकातिर मानिसको अस्तित्वदेखि, परम्परा, संस्कृति रिति रिवाज आदिलाई बचाइराखेको हुन्छ भने अर्को पक्षमा मानव जीवनलाई एउटा उद्देश्य पूर्ति गर्ने बाटो पहिल्याउन मद्दत गर्दछ ।

कुनै पनि जात्रा,पर्व ,परम्परालाई एक वा दुई जना व्यक्तिले मात्र कायम राख्न सक्दैन । यसको लागि सम्बन्धित सवैसँग मिलेर काम गर्नुपर्ने हुन्छ । कालान्तरमा यस्ता कार्यहरुलाई कायम राख्न सकियोस् भनेर नै गुठी,खलक आदिको व्यवस्था गरिएको हुन्छ । उदारहणको लागि लेलेको शिवदेब तथा अंशुबर्माको सं. ५२६(वि.सं.६६१) को संयुक्त अभिलेखमा उल्लेख गरिएको छ *(* बज्राचार्य, २०३०, पृ. २८४) । यस अभिलेखमा बाजाको लागि बादित्र गोष्ठी बत्तीको लागि प्रदीपगोष्ठी धूपको लागि धूप गोष्ठी आदिको बारेका उल्लेख गरिएको छ । यसरी जात्रा तथा कुनै धार्मिक पूजा संचालनका लागि विभिन्न गुठीको व्यवस्था रहेको देखिन्छ ।

**गुठी दुई प्रकारका हुन्छन् । १) धार्मिक र २) लौकिक ।**

मठ मन्दिर, देवताको दैनिक पूजा, जात्रा संचालन, जीर्णोद्धारका लागि राखिएका धार्मिक गुठी हुन् भने धारा, पाटी, सत्तल, कुवा, बाटो, धारो मर्मत संभार, सरसफाई आदिको लागि राखिएको लौकिक गुठी हो । यी दुवै प्रकारका गुठी सरकारी तथा निजी हुन्छन् । गुठी संस्थानको मातहतका सरकारी गुठी हुन् । समाज, जाति तथा परिवारले संचालन गरेको गुठी निजी गुठी हुन् ।

बालागाउँमा जात्रासँग सम्वन्धित महालक्ष्मी गुठी, वनमहालक्ष्मी गुठी, गणेश गुठी संवन्धित मानिसले चलाएका हुनाले यी गुठीहरु निजी गुठी हुन् । यी गुठीहरुले जात्रा संचालनका लागि जात्रापूर्व मन्दिरको सरसफाई तथा जात्राका दिनमा गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्दछन् ।

### ५.३.१ महालक्ष्मी गुठी

महालक्ष्मी जात्रा संचालनका लागि यो गुठीको महत्वपुर्ण भूमिका रहेको छ। यस गुठीमा १५ सदस्यहरु रहेका छन् । महालक्ष्मी जात्रा संचालनका लागि कालमोचन गुठी संस्थानबाट मालपोत पूजाखर्चबापत सरकारका तर्फबाट रकम प्राप्त हुँदै आएको छ। उक्त रकम समयसापेक्ष नहुने हुनाले अपुग रकम गुठीयारबाटै संकलन गरी जात्रा संचालन भइरहेको यस गुठीका थकाली सूर्यमान बलामी बताउनुहुन्छ । उहाँले नै यस कार्यमा प्रमुख भुमिका निभाइरहनु भएको छ भने उहाँकै नेतृत्वमा जात्राको सम्पूर्ण कार्य सम्पन्न भईरहेको छ ।

गुठी गठन गर्दा गुठीको सदस्यहरुमध्ये सवभन्दा जेठोलाई थकाली बनाइन्छ । उमेरमा सवभन्दा कान्छो अन्तिम स्थानमा हुन्छ । थकालीको मृत्युपछि थकालीकै जेठो छोरालाई नै थकालीको जिम्मेवारी दिइन्छ तथा अन्य सदस्यहरुको मृत्युपछि पनि थकालीको जस्तै जुन स्थान थियो त्यही स्थान उसका सन्तानहरुले पाउने गर्दछन् ।

### ५.३.२ बनमहालक्ष्मी गुठी

वनमहालक्ष्मी गुठीमा १३ जना गुठीयारहरु रहेका छन् । यस गुठीका थकाली तारा वलामी हुनुहुन्छ । नियमित जात्रा संचालनका लगि गुठियारहरुको महत्वपूर्ण भुमिका रहेको हुन्छ । वनमहालक्ष्मी गुठी जग्गाको आयस्ताबाट संचालन भइरहेको छ । विलमाया उदासले जनक बलामीलाई वनमहालक्ष्मी गुठी संचालनका लागि जग्गा राखेको यस गुठीका थकाली तारा बलामी बताउनुहुन्छ ।

बालागाउँमा महालक्ष्मी र वन महालक्ष्मीको गुठी र जात्रा संचालन बलामी थरका यहाँका बासिन्दाहरुले गरिरहेका छन् ।

यो गुठीको गठन पनि महालक्ष्मी गुठीजस्तै उमेरका आधारमा हुन्छ ।

### ५.३.३ गणेश गुठी

यो गुठीको संचालन स्थानीय श्रेष्ठ थरका बासिन्दाहरुले गरिरहेका छन् । यस गुठीका थकाली बुद्ध कुमार श्रेष्ठ हुन् । यस गुठीमा १९ जनाको समूह रहेको छ । यो गुठीको गठन पनि महालक्ष्मी गुठीको जस्तै गरी गठन गरिनछ ।

गणेश गुठीले गणेशको खट निर्माणदेखि जात्रा संचालन अवधिभरका सम्पूर्ण कार्यहरु गर्दछन् । यो गुठीको लागि सरकारी आर्थिक श्रोत तथा कुनै जग्गाको व्यवस्था छैन । गुठीयारकै सदस्यहरुवाट रकम संकलन गरी गणेशको खटयात्रा संचालन भइरहेको यस गुठीका थकाली बुद्धकुमार श्रेष्ठ बताउनुहुन्छ ।

बालागाउँ क्षेत्रमा मुख्य रुपमा नेवार भित्रका विभिन्न थरहरुमध्ये बलामी, श्रेष्ठ तथा उदासहरुको बाहुल्यता रहेको देखिन्छ । द्वारेका प्रतिनिधिका रुपमा बलामी थरका बासिन्दा छन् । प्राचीनकालमा जात्रा संचालन र गुठी संचालनका संपूर्ण कार्य द्वारेकै उपस्थिति र आदेशमा हुने गरेको थियो । " द्य गमं थनेत द्वाःरे भाजु झाल, आः जात्रा न्याइका " (जोशी,२०६०, पृ.१८१) अर्थात देउता उठाउन द्वारे हजुर आउनुभयो अब जात्रा शुरु गरौं भन्ने भनाईबाट उनीहरुकै सन्तानका कारण जात्रा संचालनले निरन्तरता पाएको देखिन्छ ।

### ५.३.४ भजन गुठी (दाफा)

यो भजन कार्तिक महिनाभरी मन्दिरको पाटी तथा सार्वजनिक स्थलमा गाइन्छ । यो नेवारी भजन हो । बालागाउँमा भजन गाउनका लागि १५ जनाको समूह निर्माण गरिएको छ ।दाफा(भजन) गुठीका लागि महालक्ष्मी गुठीको जस्तै समूह वनाइन्छ । यस समुहमा बाजा बजाउन जान्ने तथा गाउन जान्नेहरु हुन्छन् । यस गुठीमा अन्य गुठीमा जस्तो एउटै थरका मानिसहरु नभई विभिन्न थरका मानिसहरु जस्तै बलामी,श्रेष्ठ तथा उदासहरु पनि रहेका हुन्छन् । यस गुठीका थकाली स्थानीय रोहित वलामी हुनुहुन्छ । यो समूहले नारायण, गणेश , भैरब, नास द्यः (नाटेश्वर शिव)को भजन समूहमा गाउँछन् ।

स्थानीय देवी देवताको साथै  अन्य कुनै स्थानका देवी देवताहरु समेतका  भजन किर्तन गरी भोज भतेर गरी संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले स्थापित  भजन गुठी (दाफा) हो । (चौगुठी, २०६४, पृष्ठ ५ ) ।

जात्राका अवसरमा दाफा(भजन) महालक्ष्मी, वनमहालक्ष्मी तथा गणेशको मन्दिरमा पालैपालो गाइन्छ । यसको सुरुवात गणेशको मन्दिर, त्यसपछि महालक्ष्मी मन्दिर र अन्त्यमा वनमहालक्ष्मीको मन्दिरमा हुन्छ । उक्त भजन प्रत्येक स्थानमा २ घण्टासम्म गाइन्छ (चित्रफलक ८) ।

## ५.४ खट्

खट् देवी देवताको रथ जस्तै चलायमान बाहन हो । नेपालको धार्मिक संस्कृतिमा खट्को महत्वपूर्ण स्थान रहेको छ । जात्रापर्वहरुमा देवी देवताको मूर्तिलाई खट्मा राखी शहर परिक्रमा गरिन्छ । नेपालमा जात्रापर्वको लागि रथको तुलनामा खट्को प्रयोग धेरै भएको पाइन्छ । यसको प्रमुख कारण पहाडी भौगोलिक बनावट हो । खट्लाई साधारण बाटो तथा पहाडी जस्तोसुकै ठाउँमा पनि सजिलै बोकेर परिक्रमा गराउन सकिन्छ । खट् जात्रा काठमाडौं बाहेक अन्य क्षेत्रमा पनि हुन्छ । काठमाडौं पश्चिम भेगमा पर्ने तानसेन, रुरु क्षेत्रमा खट्जात्रा नै प्रमुख जात्रा हुन् । त्यस्तै काठमाडौं उपत्यकाभित्र सातगाउँले जात्रामा पनि खट्को प्रयोग हुन्छ । तसर्थ जात्रापर्वमा खट्को प्रयोग हुने प्रमुख कारक तत्व नै भौगोलिक बनावट अनुसार सजिलै बोकेर परिक्रमा गर्न सक्नु हो । त्यस्तै आजभोलि सजिलो र छिटो निर्माण गर्न सकिने भएकोले रथको ठाउँमा खट्को प्रयोगलाई प्राथमिकता दिइएको पाइन्छ ।

पांग्रा र डोरी तथा जीवजन्तुको सहायताबाट परिक्रमा गराइन्छ भने खट् मान्छेहरुको काँधमा बोकेर परिक्रमा गराइन्छ । खट् चारकुने , चारपाटे, षटकोणाकार , मारखट(कुर्सी आकारको ) इत्यादि हुन्छ (लाखे, २०६३, पृ.१६) ।

काठमाडौं उपत्यकाको प्रायजसो खट्हरु दुई तल्लाको हुन्छ र कुनै तीन तल्लासम्मको छाना भएको हुन्छ । यी तीन छानाका तीन गुणका प्रतीक हुन् । जुन दिव्यभाव , वीरभाव र पशुभाब हुन भनी उल्लेख गरिएको छ (लाखे,२०६३, पृ. १८) ।

प्राचीनकालदेखि नै रथ तथा खट्को परम्परा रहेको पाइन्छ । विशेषतः अभिलेखहरुमा रथ तथा खट यात्राको बारेमा उल्लेख गरिएको पाइन्छ । मध्ययुगमा देव यात्रा तथा जात्रापवर्पहरु संचालनका लागि राज्यले कर समेत लिने व्यवस्था थियो (लाखे,२०६३,पृ.१९). । यसवाट प्राचीनकालदेखि देवदेवीहरुको यात्रामा रथ तथा खट्को प्रयोग भएको अनुमान गर्न सकिन्छ ।

नेपालका अभिलेखहरुमा पनि रथ तथा खट् जात्राहरुको बारेमा उल्लेख गरेको पाइन्छ । लिच्छविकालीन अभिलेखहरुमा जात्रापर्वहरुको बारेमा उत्कीर्ण गरेको पाइन्छ । यसप्रकार ऐतिहासिक प्रमाणको आधारमा नेपालमा लिच्छविकालदेखि नै रथ र खट् बनाउने परम्परा थालनी भएको मान्न सकिन्छ ।

लिच्छविकालको एक अभिलेमा पशुपति क्षेत्रमा हुने जात्राको बारेमा उललेख गरिएको छ । वि.सं.५९८(सं ५२०) को शिवदेव र अंशुवर्माको संयुक्त खोपाशीको अभिलेखमा द्वारोघाटन जात्रा र कैलाशजात्राको वारेमा उल्लेख गरिएको छ(बज्राचार्य,२०३०, पृ. २७५) । यस शिलालेखबाट यस कालमा जात्रा र देवयात्रा हुन्थ्यो । यसका लागि रथ तथा खट्को प्रयोगको बारेमा स्पष्ट उल्लेख गरिएको त छैन । त्यस्तै देवदेवीको चलमूर्तिहरुको प्रदर्शन हुन्छ हुँदैन भन्ने बारेमा जानकारी पाउन सकिदैंन । तर पशुपति क्षेत्रमा खट्जात्रा हुन्छ भन्ने अनुमान मात्र गर्न सकिन्छ (लाखे,२०६३, पृ. २०) ।

यसरी प्राचीनकालदेखि खटको प्रचलन देवदेवीको मूर्तिलाई चलायमान बनाउन प्रयोग भएको पाइन्छ । मल्लकालमा रथ तथा खटहरुमा गजुर, घण्टी , सुनलेपन भएको छाना , पताका ,छत्र ,वस्त्रहरु राखेर श्रृंगार गर्ने परम्पराको विकास भएको अनुमान लागाउन सकिन्छ ( लाखे,२०६३, पृ.२२ ) ।

बालागाउँ महालक्ष्मी जात्रामा ३ वटा खट्को प्रयोग भएका छन् । बालागाउँको जात्रामा खट्मा देवदेवीको प्रतिमा राखी जात्रा गरिन्छ । चारकुने आकारमा निर्माण गरिएको यस्ता खटमा जात्राको अघिल्लो दिन र भोलिपल्ट बाँसको नोल छिराएर डोरीले राम्ररी बाँधी जात्राको लागि तयार गरिन्छ । महालक्ष्मीको खट् केही ठूलो छ भने अन्य दुई खट् साना छन् ।

जात्रामा खट बोक्न ठिटाहरु निकै उत्साहित भएका देखिन्छन् । जात्राका अवसरमा यहाँका युवापुस्ताको उलेख्य उपस्थिति देखिन्छ । यसवाट उनीहरुमा जात्राप्रतिको लगाव देख्न सकिन्छ । खट् बोक्ने तथा बाजा बजाउने कार्यमा युवापुस्ता नै अगाडि देखिन्छन् । उनीहरु हाम्रो मौलिक परम्परा जोगाइराख्नुपर्छ भन्ने मान्यता राख्दछन् ।

## ५.५ चिराग

परापूर्वकालमा विजुलीको व्यवस्था नभएको र जात्रापनि साँझ तथा रातिमा हुने हुनाले बाटो देखाउनका लागि यो वत्ती बाल्ने गरेको अनुमान गर्न सकिन्छ । अँध्यारोमा जसरी जुनकिरीको महत्व रहन्छ , त्यसरी नै यस जात्रामा चिराग बत्तीको महत्व रहेको देखिन्छ । देवताहरुमा आफ्नो श्रद्धा अर्पणस्वरुप यो बत्ती वाल्ने गरिन्छ । अहिलेको समयमा पनि जात्राको बेलामा चिराग बत्ती अघि अघि रहन्छ । जात्राको अघिल्लो दिनमा यहाँका बासिन्दाहरु आ- आफ्नो घरवाट मैनवत्ती , सुकुण्डा लिई जात्राको अघिपछि परिक्रमा गर्ने गर्दछन् । ।

चिराग निगालोको लट्ठीमा माटाको पालामा प्वाल पारेर त्यसमाथि तेलमा भिजाएको कपडाको बत्ती राखिन्छ । त्यसरी तयार पारिएको चिराग बालेर साँझ रातमा खट् तथा रथको अघिपछि गुठीका सदस्यहरु लाग्दछन् ।

हाल विजुलीको व्यबस्था भएपनि परम्परा अनुसार चलिआएकोले जात्रापर्वमा चिरागले निरन्तरता पाइरहेको छ ।

## ५.६ बाजा

लिच्छविकालका अभिलेखमा वादित्र गोष्ठी उल्लेख गरिएको हुँदा दैनिक पूजा वा जात्रामा बाजा बजाउने कार्य प्राचीन कालदेखि नै देखिन्छ । लेलेको शिवदेव र अंशुवर्माको संयुक्त अभिलेख संवत ५२६ आश्विन शुक्लको सिंहमण्डपमा भगवानबासुदेव वादित्त्र(बाजा) गोष्ठीका गुठियारलाई १०(मानिका).....लाई ४० मानिका दिनु भनी उल्लेख गरिएको छ (बज्राचार्य, २०३०,पृ.२८४) ।

जात्रापर्वमा बाजाहरुको भूमिका महत्वपूर्ण रहेको हुन्छ । बाजाहरुले जात्रापर्वमा रौनकता बढाउन मद्दत गर्दछ । जात्रा भन्ने वित्तिकै देवदेवीको साथमा बाजा पनि प्रमुख रुपमा रहन्छन् । यसले सवैलाई रोमाञ्चित र उत्साहित बनाउँछ । नेपालमा थुप्रै परम्परागत बाजाहरु रहेका छन् । बालागाउँमा पनि यीनै परम्परागत बाजाहरु जात्राका अवसरमा बजाइन्छ । जात्रामा प्रमुख रुपमा धिमाय्, धा वाजा , नायखिं बाजा, बाँसुरी आदि बजाउने गरिन्छ ।

### ५.६.१ धिमाय् वाजा

पिटेर बजाइने बाजा अन्तर्गत यो बाजा रहेको छ । यो बाजा निकै नै प्रचलित बाजा हो र जात्राभरि नै प्रमुख रुपमा बजाइन्छ । यसलाई लिच्छबिकालीन बाजाको रुपमा लिने गरिए पनि यसको उल्लेख भने मल्लकालमा आएर मात्र भएको पाइन्छ । धिमाय्लाई अमरकोशमा ने.सं. ५०१ (वि.सं. १४३७) तिर ढय्रमस र ने.सं. ७१८( वि.सं. १६५४) मा धेमस तथा धिमाय बजाउनेलाई धेमसकाल वा धेमसकार भनेर उल्लेख गरिएको छ( श्रेष्ठ ,२०६०, पृ.१७) ।

### ५.६.२ भ्याली

यो ताल बाजा हो । यो बाजालाई दुबै हातमा अड्काएर छ्याई छ्याईको तालमा बजाइन्छ । जात्राका अवसरमा यो बाजा वजाउने २ जनासम्म हुन्छन् ।

### ५.६.३ बाँसुरी

यो बाजा यस क्षेत्रका महिला तथा पुरुषहरुले परम्परागत भेषभूषामा बजाएको देखिन्छ । एकै सुर र एकै तालमा एकै समूहमा बजाइन्छ । फुकेर बजाइने सुर बाद्यः अन्तर्गत यो बाँसुरी बाजा पर्दछ ।

### ५.६.४ ढोलक

यो बाजा दाफा भजन गाउने बेलामा वजाइन्छ । ढोलककै तालमा एकै सुरमा  देवीदेवताको स्तुति सहित यो बाजा बजाइन्छ । यो दुबै हातले ठोकेर बजाइन्छ ।

### ५.६.५ घण्टी

यो बाजा दाफा भजन गाउने बेलामा बजाइन्छ ।

## ५.७ मन्दिर

मन्दिरहरु यस्ता भवन हुन् जहाँ पूजा गर्ने उद्देश्यले देवदेवीको प्रतिमा स्थापना गरिन्छ । शक्तिशाली समर्थवानको नाममा निर्माण गरिने देवस्थललाई सर्वसाधारण मानव निवासभन्दा वढि महत्व दिइन्थ्यो । मानवले जुन कालमा प्राप्त जुन साम्रगी छ, त्यसैका साथ कलायुक्त भवन निर्माण गऱ्यो ती पछि गएर विभिन्न आकार र प्रकारमा विकसित भए । यसरी विभिन्न चरणमा यसको विकास एक भिन्न प्रकारको कलास्वरुप हुन गयो । जसलाई शैली वा प्रकार भनिन्छ ।

वैदिक कालमा अस्थायी मन्दिर वास्तुकलावाट तल्ले शैलीका मन्दिर विकसित भएका एवं यस्ता मन्दिर निर्माण गर्ने वास्तुकलाको थालनी नेपालमा नै भएको र पछि मात्र भारतमा निर्माण भएको देखिन्छ ( कर्न, १९९३, पृ. ६६-६७ ) । तर नेपालमा यस्ता मन्दिर बनाउने कलाको उत्पत्ति र विकास कहिलेदेखि भयो भन्ने कुरा हालसम्म स्पष्ट हुन सकेको छैन् । नेपाली शैलीका मन्दिरहरु हवनमण्डप, जग्गेका विकसित रुप हुन सक्दछन् ।

नेपाली शैली तले शैली स्थानीय 'देग' अथवा 'आगम' देवताहरुका निमित्त मूर्ति राख्न बनाइएका स्थानहरुवाट विकसित भएको देखिन्छ । लिच्छविकाल वा सोभन्दा अगाडि ताकादेखि नै यहाँका बासिन्दाहरुले देवस्थानहरुलाई 'देग' भन्ने गर्दथे । यिनै देवीदेउरालीका थानहरु कालान्तरमा पर्खाल लगाई छानो हाल्ने परम्पराको कारणबाटै यो शैली विकसित हुन पुगेको मानिन्छ (कर्न,१९९३,पृ.६७-६८) ।

त्यसैगरी मानिसमा धार्मिक भावनाको विकास भएपछि पुजा गर्ने स्थानको निर्माण हुन थाल्यो । बस्तीको वीचमा स्थानीय साधन स्रोतको प्रयोग गरी साधारण किसिमबाट मन्दिरको निर्माण भए । पछि गएर साधारण ठाउँमा कलाकौशलको प्रयोग हुन थाल्यो । नवपाषण युगका आदिम मान्छेहरुवाट नै वास्तुकलाको प्रथम थालनी हुन पुगेको हो । आफ्नो बासस्थानसँगै विस्तारै मानिसले आफुले पूजा आराधना गर्ने आफ्ना देवदेवीको कला कौशलअनुसारको वासस्थान बनाउन सुरु गऱ्यो ।

वास्तुकलाको दृष्टिकोणले नेपालमा पाइने मन्दिरहरु जम्मा चार शैलीहरुमा बाँडेर अध्ययन गर्नुपर्दछ - (१) तलेशैलीका मन्दिरहरु (२) शिखर शैलीका मन्दिरहरु (३ ) गुम्वज शैलीका मन्दिरहरु र (४) मिश्रित शैलीका मन्दिरहरु । पशुपतिनाथको मन्दिर, चाँगुनारायणको मन्दिर, पनौतिको

इन्द्रेश्वरको मन्दिर आदि तलेशैलीका उत्कृष्ट नमुना हुन भने पाटनको महावौद्ध, च्यासलदेवल, भक्तपुरको वत्सला देवीको मन्दिर, पशुपति प्रांगणको ब्रह्मा मन्दिर, स्वयम्भूको प्रतापपुर र अनन्तपुर आदि शिखरशैलीका विशिष्ट नमुनाहरु हुन् । जनकपुरको जानकी मन्दिर गुम्वज वा राजपुतना वास्तुशैलीका नमुनाहरु हुन् । यिनै गुम्वज तथा राजपुतना शैलीका मन्दिरहरु नै मिश्रित वास्तुकलाको मिश्रित नमुना हुन् ।

तल चारपाटे रही मन्दिरको छानोलाई घण्टाकारमा वा घोप्टिएको गुम्वजमाथि गजुर राखिएको मन्दिरलाई गुम्वज शैलीको मन्दिर भनिन्छ । यस प्रकारका मन्दिरको निर्माणको प्रचलन विशेष गरी १८।१९ औं शताव्दीमा नेपालमा चलेको पाइन्छ । पशुपति आर्यघाट पारीका लहरै रहेका शिवमन्दिर, रणबहादुरको नाममा निर्माण गरिएको रणमुक्तेश्वर मन्दिर, रिडी वा रुरुमा अवस्थित ऋषिकेश नारायणको मन्दिर गुम्बज शैलीका मन्दिरका उदारहण हुन् ।

**(१) तलेशैलीका मन्दिर**

तलेशैलीका मन्दिरहरुलाई यसमा भएका तलाअनुसार स्थानीय भाषामा नामाकरण गरिएको पाइन्छ जस्तै दुई तलेलाई नेतजा, तीन तलेलाई स्वेतज पाँचतलेलाई न्यातज भन्ने गरिन्छ । पाँचतले भएको हुनाले नै भक्तपुरको पाँचतले देवललाई न्यातपोल भनिएको हो । एकतले देवललाई शिवको, दुईतलेलाई अनन्त र इन्द्रको प्रतीक, तीनतलेलाई अनन्त , भाष्कर र शिवको प्रतीक, चारतलेलाई अनन्त ,शिव, विष्णु र सूर्यको प्रतीक , पाँचतलेलाई अनन्त, विष्णु, शिव, सूर्य र देवीको प्रतीक र ५ तलेलाई उपर्युक्त पाँच देवदेवी र गणेशसमेतको ६ देवदेवीको प्रतीक र सातलेलाई उपर्युक्त ६ देवदेवीमा कुमार थपेर सात देवदेवीको प्रतीक मानिन्छ ( बर्नियर, १९७८, पृ.११-१२) ।

तलेशैलीका मन्दिरहरु बनोटका आधारमा तीन प्रकारका देखा पर्दछन् । (१) गोलाकार जग भएका, (२) बर्गाकार , आयताकार र चतुष्कोणाकार जग भएका र (३) अष्टभुजाकार जग भएका (बर्नियर,१९७८, पृ.१६) ।

वास्तुशैलीको नामाकरण नै तले शैली भएको हुनाले मन्दिरको वनोट नै तलैतलाको हुनु स्वाभाविक नै हो । सवैभन्दा मुनिको वा भुंइको वर्गाकार तलामाथि अरु तलाहरु एकसाथ अरु

तलाहरु एकभन्दा अलिक सानो गरी वनाउने प्रणालीद्वारा निर्मित गरिएको हुन्छ र प्रत्येक तलामा, तलको आकार अनुरुपको सवैभन्दा तल ठूलो, त्यसपछि अलिक सानो र त्यसपछि झन् सानो छानो हालिएको हुन्छ । यसप्रकारका झिंगटी वा धातुबाट बनेका र भिरालो आकारका बनाइएका हुन्छन् । सबैभन्दा माथिल्लो भागको, सवैभन्दा सानो छानामा गजुर छत्रहरु चाहिं प्रायःजसो धातुको बनेको देखिन्छ । मन्दिर जुन देवताको हो , त्यसको प्रतीकको रुपमा सवैभन्दा माथिको छानाको दुई कुना वा मध्य भागमा देवताको आयुध ठड्याउने चलन पाइन्छ । छानाहरुमा मोलम्बा लगाइने परम्परा रहेको पाइन्छ ।

### ५.७.१ महालक्ष्मी मन्दिर

महालक्ष्मीको मन्दिर गुम्वज आकारमा निर्मित छ । यस मन्दिरको प्रवेशद्वारमा निकै आकर्षक सिंह सिंहनी रहेका छन्  र देवी स्थान कलात्मक छोटाछोटा प्रस्तर स्तम्भ सहित चिटिक्क परेको गुम्बज आकारभित्र देखिने मन्दिरमा महाँलक्ष्मीको पूजाका लागि लहरै  शिलाहरु रहेका छन् । अर्थात् महालक्ष्मीको पीठ रहेको छ ।  महालक्ष्मी मन्दिर  मातातीर्थ  जाने बाटोको छेउमा पर्दछ र बालागाउँको शीर्षभागमा अवस्थित छ । देवीस्थान सामान्य पर्खालले घेरिएको छ ।

यस सँगै पाटी पनि रहेको छ ।  वलिको लागि छुटै वलि दिने स्थानको पनि व्यवस्था गरिएको छ ।

मन्दिरको दाँया बाँया ठूला घण्टहरु झुण्ड्याइएको छन् । मन्दिर प्रबेश गर्ने वित्तिकै लहरै बत्ती बाल्ने स्थानको  व्यवस्था गरिएको छ । मन्दिरसँगै एक शिलालेखमा  संवत ८४७(वि.सं. १७८४)मा दाफा(भजन) र मन्दिरमा ढुंगा छाप्ने कार्य रायजु सुरंकि वंसले गरेको उल्लेख तथा संवत ८८४(वि.सं. १८२१) मा जयकृष्ण भारो समेतले पर्खाल वनाएको उल्लेख भएको शिलालेख पाटीको भित्तामा राखिएको छ । यसै आधारमा  यो मन्दिरको निर्माण मध्यकालमा भएको  थाहा पाउन सकिन्छ ।  तर यस मन्दिरको निर्माण शैली हेर्दा मध्यकालीन होइन्  किनकि मध्यकालको निर्माण शैली यस मन्दिरमा देखिदैंन् । वि.सं.  १९९० को भुकम्पमा परेर यो मन्दिर क्षति भई हालको स्वरुपमा निर्माण भएको हो स्थानीय रोहित बलामी बताउनुहुन्छ । त्यसपश्चात् यस मन्दिरमा भएको मूर्ति थकालीकै घरमा राख्न थालियो । त्यही महालक्ष्मीको मूर्ति यस मन्दिरमा जात्राको अघिल्लो दिन अर्थात कार्तिक शुक्ल चतुर्दशीको दिन यस स्थानमा प्रतिस्थापन गरिन्छ ।

पूर्णिमाको दिनमा जात्रा सकिएपछि जहाँबाट महालक्ष्मीको मूर्ति ल्याइएको हो त्यहीँ लगेर राखिन्छ । हाल भने पूजा अर्चनाको लागि मदिरमा निराकार स्वरुपका शिला वा पीठहरु राखिएका छन् । यस मन्दिरको निर्माण शैली साधारण रहेको छ ।

### ५.७.२ गणेश मन्दिर

बालागाउँको मध्यभाग गणेशटोलमा यो मन्दिर रहेको छ । उक्त मन्दिर साधारण चारपाटे भई त्यसमाथि स-साना गुम्वज आकारका गजुर छन् । यहाँको मन्दिरमा आकर्षक गणेशको मुर्ति रहेको छ । मूर्तिको शीर्षभागमा गरुड नमस्ते मुद्रामा र दाँया बाँया नाग मूर्ति कुँदिएको छ । मन्दिरको अगाडि दाँयाबाँया दुई सिंहहरु रहेका छन् । यस मन्दिरको दाँया भागमा एउटा शिलालेख राखिएको छ । उक्त शिलालेखमा यो मन्दिर यस स्थानका विश्वनाथ आर्ज्या, मुकुराम भारो, कुतुराम भारो, चिकुटी भारोले सम्वत् ८४०(वि.सं. १७७७) मा निर्माण गरेका थिए ( बज्राचार्य,२०५६, पृ.४२४) । शिलालेखअनुसार यो मन्दिरको निर्माण मध्यकालमा भएको देखाउँछ । तर महालक्ष्मीको मन्दिर जस्तै वि.सं. १९९० को भुकम्पमा क्षति भएकोले पुननिर्माण भएको स्थानीय रोहित बलामी बताउनुहुन्छ । यस मन्दिरसँगै पाटीको निर्माण पनि गरिएको छ । यस मन्दिरमा पनि महालक्ष्मी मन्दिरमा झैं कार्तिक शुक्ल चतुर्दशीको राति धातुको गणेशको मूर्ति राखिन्छ र भोलिपल्ट खटयात्रा गरी थकाली बुद्धकुमार श्रेष्ठको घरमा लगिन्छ ।

### ५.७.३ वनमहालक्ष्मी मन्दिर

यो मन्दिर साधारण गुम्वज प्रकारले निर्माण गरिएको छ । वनमहालक्ष्मीको स्थापना शुरुमा सानो देवल बनाई त्यसमा निराकार ढुंगाको शिला राखी स्थापना गरिएको स्थानीय श्रीकृष्ण श्रेष्ठ बताउनुहुन्छ । उहाँका अनुसार यो देवालयको स्थापना आजभन्दा धेरै अघि भएको हो तर यकिन तथ्यांक बताउने कुनै ऐतिहासिक तथा पुरातात्विक श्रोत यहाँ उपलब्ध हुन सकेको छैन् । बनमहालक्ष्मीको मन्दिरमा वनमहालक्ष्मीको निराकार स्वरुपको शिलाहरु स्थापना गरिएको छ । मन्दिरमा पाटीको निर्माण गरिएको छ । जात्राको अघिल्लो दिन वनमहालक्ष्मीको मूर्ति यस मन्दिरमा प्रतिस्थापन गरिन्छ । भोलिपल्ट जात्रा समापनपछि प्रतिस्थापित बनमहालक्ष्मीको मूर्ति थकाली तारा बलामीको घरमा पुऱ्याएर जात्राको समापन गरिन्छ । यस मन्दिरमा चारैतिर बत्ती

बाल्नका लागि दियोहरु राखिएका छन् । मन्दिरको दाँया भागमा एउटा घण्ट राखिएको छ । यहाँ कुनै प्रकारको शिलालेख राखिएको छैन् । संभवत् यो पनि मन्दिर थियो र भुकम्पपछि यस्तो स्वरुपमा निर्माण गरिएको हुन सक्दछ ।

### ५.८ मूर्तिको प्रतिमालक्षण

धार्मिकग्रन्थ दुर्गा सप्तशतीमा  महालक्ष्मीको स्वरुप १८ हात भएको र हरेक हातमा विभिन्न अस्त्रहरु  लिएको तस्वीर प्रकासित भएको छ । महालक्ष्मी महिषमर्दिनीको नाममा प्रख्यात छिन् । यस रुपमा भगवतीले महिषासुर नामको दानवलाई मारेको दृश्य हुन्छ । राक्षसको मूर्ति वा चित्र कहीं मानवाकार छ, कहीं राँगाको आकारमा पाइन्छ(खत्री,२०५५, पृ.५८) ।

तर अवलोकनका क्रममा थकालीको घरमा रहेको मूर्ति महालक्ष्मीको मूर्ति मुण्डमाला लगाएको, शिवको छातीमा टेकेको देखाइएको छ, प्रतिमालक्षणको आधारमा उक्त मुर्ति महाकालीको हो । बंगालमा महालक्ष्मी स्वरुप महिषमर्दिनीलाई काली भनेर पूजा गर्ने प्रचलन धेरै पुरानो हो । अहिले पनि बंगालमा कालीपूजा प्रसिद्ध छ । नेपालमा देवी महिष मर्दिनी लोकप्रिय छिन्  ( खत्री,२०५५, पृ.५८) ।

अवसानको समयमा महालक्ष्मी महाकालीको स्वरुप मानिन्छ । यो रुपमा तमोगुण प्रमुख रुपमा रहेको हुन्छ । महाकालीको स्वरुप ४ हात, नीलो रंग,मुण्डमाला लगाएको, हातमा खुँडा, भयंकर डरलाग्दो अनुहार र हातमा ढाल हुन्छ (बनर्जी,१९८५, पृ.४९६) ।

स्थानीयका अनुसार महालक्ष्मीको मूर्ति मन्दिर स्थापनाकालमै निर्माण भएको हो । खास तथ्यांक उपलब्ध हुन नसकेपनि यो मूर्ति मध्यकालमै निर्माण भएको र मन्दिर भुकम्पमा परेपछि यस मन्दिरको मूर्ति गुठीयारले नै संरक्षण गरी राखेका  हुन् ।

त्यस्तै वनमहालक्ष्मीको मूर्तिमा एक हातले खुँडा उचालिरहेको र अर्को हातले ढाल समातेको मूर्ति रहेको छ । यो मुर्ति यसै समयमा निर्माण भएको भन्ने यकिन नभएपनि यस गुठीका थकाली तारा बलामीले उहाँको हजुरबुबाको पालामा बनेको हो र मूर्तिपूजा तथा जात्रा संचालन निरन्तर रुपमा उहाँका पिता र हाल उहाँले गरिरहनुभएको बताउनुहुन्छ ।

गणेशको मन्दिरमा गणेशको मूर्ति स्थापना गरिएको छ ।  गणेशको मूर्ति चार हात भएको मुसा बाहनसहित रहेको छ भने जात्राका अवसरमा मन्दिरमा राखिने मूर्ति पनि सोही प्रतिमालक्षणमा आधारित छ । गणेश गुठीका थकाली बुद्धकुमार श्रेष्ठको हजुरबुवाले गणेशको मूर्ति निर्माण गरेको उहाँ बताउनुहुन्छ ।

## *५.९ जात्राको धार्मिक तथा सांस्कृतिक महत्व*

### ५.९.१ जात्राको धार्मिक महत्व

मानिसले गर्ने विभिन्न क्रियाकलापहरु, संस्कारहरु धर्ममा आधारित हुन्छन् । कुनै पूजा, आराधना, चाडपर्व , जात्रा आदि धार्मिक भावनाबाटै प्रेरित भएका हुन्छन् । महालक्ष्मीको उत्पत्तिका बारेमा मार्केण्डय पुराण तथा दुर्गा सप्तसति चण्डीमा उल्लेख भएको छ । उनको अवतार नै अन्यायलाई अन्त्य गरी धर्म स्थापना गर्नु रहेको छ । महालक्ष्मीले महिषासुर नामक दैत्यलाई विनाश गरेको हुनाले महिषासुर मर्दिनीको नामबाट पनि चिन्न सकिन्छ ।

राक्षसलाई नाश गरी देवताको विजय गराएको हुनाले उनको खटयात्रामा अवीर जात्रा गरिन्छ । यसको कारण विजयोत्सव मनाइएको हो र यो लक्ष्मीको रौद्र रुपलाई वलि दिने गरिन्छ वलि बोका हाँस,कुखुरा तथा नरिवलको दिइन्छ । सौम्य रुप लक्ष्मीलाई धनधान्यको देवीको रुपमा मानिन्छ । तिहारमा दिपावली गरी लक्ष्मीको पूजा आराधना गरिन्छ ।

नेपाल कृषिप्रधान मुलकु हो र यहाँका वासिन्दाहरुले अन्न भित्र्याउने महिना कात्तिक मंसीर महिना हो । घरमा लक्ष्मीको बास हुने समय भएको हुनाले पनि यो जात्रा मनाउने गरिएको हो । मुल जात्राको दिनमा घरघरमा दिपावली गरी यो जात्रा मनाउने गरिन्छ ।

नवदुर्गा मध्यकी एक देवीका रुपमा रहेकी यी देवीको नेपालीको महान् चाड बडादशैमा पनि पूजा अर्चना गरिन्छ ।

### *५.९.२ जात्राको सांस्कृतिक महत्व*

जात्रा संचालन गर्न विभिन्न गुठीहरुको गठन भएको छ । गुठीको संचालन सामूहिक प्रयासबाट हुने हुनाले यसले सामूहिक भावनाको विकास भएको छ । मन्दिरहरुमा रंगरोगन देखि आफ्नो टोल सफा सुग्घर राख्ने सम्मका कार्यहहरु र सम्पूर्ण जात्रा संचालनका कार्यहरु गुठी मार्फत नै हुने गर्दछन् ।

जात्रा संचालनताका जात्रा अवलोकनका लागि आ-आफ्ना नातेदारहरुलाई निमन्त्रणा दिइन्छ । तिनीहरु पनि जात्रा अवलोकनका लागि आउने गर्दछन् । यथासक्य पाहुनाहरुको स्वागत गरिन्छ । अतिथि संस्कार नेपाली समाजको परम्परागत संस्कृति हो ।

महालक्ष्मीलाई वलि दिइने तथा गणेशलाई बलि दिइने चलन रहेको छ । हाँस कुखुरा ,बोका, अण्डा बलि दिइन्छ भने  पेय पदार्थ पनि चढाइन्छ । गुठी खलकको तर्फबाट खट सम्वन्धित स्थानमा पुगेपछि राति नै बलि सहित पूजा अर्चना गरिन्छ । कार्तिक एक महिनाभरि दाफा भजन गाउने चलन रहेको छ । यो भजन विभिन्न देवी देवताको स्तुति सहित नेपालभाषामा गाइन्छ । परम्परागत नेवारी भेषभूषामा पुरुष तथा महिलाहरुले परम्परागत बाजा बजाउने गर्दछन् । गुठी, पूजा, जात्रा, भोज, आफन्तको भेटघाट, एकता, परम्परागत संस्कृतिको जगेर्ना सांस्कृतिक महत्वको रुपमा रहको छन् ।

यसरी कुनै पनि जात्रापर्वले धार्मिक तथा सांस्कृतिक महत्व बोकेका हुन्छन् । यीनै महत्वले जात्रा पर्व संचालनले निरन्तरता पाइरहेको हुन्छ ।  यसैगरी यी जात्रापर्वहरु समाजका अभिन्न अंगका रुपमा पनि रहेका हुन्छन् । आपसी सद्भाव बढाउने, बैमनस्यता घटाउने कार्य पनि जात्रापर्वले गर्दछन् । जात्रापर्वहरु मनोरञ्जनका साधन पनि हुन् ।

# अध्याय : छ

# उपसंहार

## ६.१ सारांश

नेपालमा विभिन्न चाडपर्व , जात्रा, उत्सवहरु मनाउने गरिन्छ । यसले जनजीवनमा ठूलो महत्व राख्दछ । आफ्नो परिवार, साथीभाईसँग रमाइलो गर्ने माध्यमका रुपमा जात्रापर्वलाई लिने गरिन्छ । यसै क्रममा विभिन्न जात्रामध्ये बालागाउँको महालक्ष्मी जात्रा पनि एक हो ।

बालागाउँ काठमाडौंको पश्चिमी भेगमा रहेको ऐतिहासिक बस्ती हो । बालागाउँमा पाइएका शिलालेखहरुमा बालागाउँलाई बारेगांदेश,बालागामदेश, बुंगदेशजस्ता शव्दको प्रयोग गरिएको छ भने जनश्रुतिअनुसार राम्रो गाउँ भएकोले बालागाउँ भन्ने गरिएको जस्ता तथ्यहरु पाउन सक्छौं ।

विभिन्न स्थानमा मनाउने महालक्ष्मी जात्रामध्ये बालागाउँको महालक्ष्मी जात्रा पनि एक हो । यो जात्रा स्थान विशेषको जात्रा हो । यस जात्रामा विशेष गरी दुईवटा महालक्ष्मीको पूजा तथा गणेशको पूजा गरिन्छ र तिनैको खट्यात्रा गरी यो जात्रा मनाउने गरिन्छ । धार्मिक स्थल मातातीर्थको काखमा रहेको यस क्षेत्रमा यो उत्सव तीन दिनसम्म मनाउने गरिन्छ । महालक्ष्मी जात्राको पहिलो दिन महालक्ष्मी बनमहालक्ष्मी तथा गणेशको मन्दिरमा रंगरोगन तथा सफा सुग्घर गरिन्छ । टोलहरु सफा राखि टोललाई विभिन्न ध्वजा पताकाले सजाउने कार्य गरिन्छ । दोस्रो दिन अर्थात कार्तिक शुक्ल चतुर्दशीको दिनमा महालक्ष्मी, वनमहालक्ष्मी तथा गणेशका गुठीका गुठियारहरु ब्रत वस्ने गर्दछन् । दिनभरी खटहरु सजाउने कार्य गरिन्छ र साँझ परेपछि तयार पारिएको खटमा महालक्ष्मी, वनमहालक्ष्मी र गणेशको धातुमूर्तिहरु संवन्धित खट्मा राखी महालक्ष्मी मन्दिर, वनमहालक्ष्मी मन्दिर र गणेशको मन्दिरमा प्रतिस्थापन गरिन्छ। बाजागाजासहित पूजासाम्रगी लिएर राति नै बलिसहितको पूजा पनि गरिन्छ । राति मन्दिरमा गुठियारहरु जाग्राम बस्ने गर्दछन् । भोलिपल्ट अर्थात कार्तिक शुक्ल पूर्णिमाको दिन जात्राको मुख्य दिनको रुपमा रहेको हुन्छ । उक्त दिन तीनवटै स्थानमा पुजा गर्नेको घुइँचो लाग्दछ । पूजा गरिसकेपछि घरघरमा महालक्ष्मीको प्रसाद खाने चलन छ भने जात्रा अवलोकनका लागि छोरीचेली तथा पाहुना बोलाउने चलन पनि रहेको छ ।

विभिन्न स्थानको जात्रामध्ये बालागाउँको जात्रा आकर्षक देखिन्छ। एक अर्कामा सिन्दुर लगाई दिएर धुमधामसँग मैत्रीपूर्ण वातावरणमा सिन्दुर यात्रा पनि गरिन्छ। ।

## ६.२ सुझाव

जात्रा भनेपछि रमाइलो हुने भएता पनि पहिलाको जस्तो रौनक नभएको महसुस यहाँका बासिन्दाहरुले महसुस गरेको पाइन्छ। यसको प्रमुख कारण जात्रामा मानिसहरुको सहभागिता कम हुदै गएको र आधुनिकतातर्फ मानिसहरु ढल्केकाले मानिसहरु परम्परागत जात्रालाई महत्व दिन छाडेको आभाष जात्रा मनाउने क्रममा देखिन्छ। यसले गर्दा जात्राको रौनकतामा पनि कमी आएको देखिन्छ।

पुराना व्यक्तिहरुको संख्याको कमीले तथा आर्थिक तथा विविध कारणले जात्रामा असर पुगेको देखिन्छ। तसर्थ यसका कारण पहिल्याएर जात्राको निरन्तरतातर्फ ध्यान दिनुपर्ने देखिन्छ। गुठीको संचालनमा स्थानीयहरुले पहल गर्नुपर्ने हुन्छ भने जात्राको संरक्षणका स्थानीयतह, प्रदेश देखि केन्द्रसम्मको भूमिका अपरिहार्य हुन जान्छ। यस कार्यमा संस्कृतिप्रेमीहरुको प्रमुख भूमिका अपरिहार्य हुन्छ , यदि यसो हुन नसकेमा जात्रा नै संकटमा पर्न जाने देखिन्छ।

जात्रा अवलोकनका क्रममा विधिलाई अवलम्वन हुन नसक्नु, नियम संगत हुन नसक्नु झारा टार्ने प्रवृत्तिले संस्कृतिको संरक्षण हुन सक्दछ तर जीवन्तता हुन सक्दैन। तसर्थ जात्रालाई कायम राख्नु, संरक्षण, संबद्धन गर्न स्थानीय बासिन्दा तथा प्रशासनको प्रमुख भूमिका रहने देखिन्छ।

जात्रापर्व भनेका हाम्रो संस्कृति, हाम्रो हाम्रो पहिचान हो। यसको संरक्षण सबैले गर्नु पर्दछ भनेर जनचेतना जगाउनुपर्दछ साथै धार्मिक आस्थालाई पनि जोगाउनु आवश्यक देखिन्छ। जात्रा निरन्तरता दिन खडा गरिएका गुठी तथा खलकहरु पनि उचित संरक्षण गरिनुपर्दछ। विकृति, विसंगति हटाएर मैत्रीपूर्ण वातावरणमा जात्रा संचालन गर्ने व्यवस्था स्थानीय प्रशासनले गरिदिनुपर्दछ।

यसैगरी युवा पुस्तालाई  जात्राको परम्परा, महत्ववारे जानकारी दिइनुपर्दछ। साथै संरक्षणका लागि युवा पुस्तालाई सहभागी हुन युवा पुस्तालाई प्रोत्साहन गरिनुपर्दछ। र उचित  प्रचारप्रसारको व्यवस्था गरेर जात्राको संरक्षण  पनि गर्न सकिन्छ ।

अन्त्यमा , जात्रा पर्व हाम्रा धरोहरलाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गरिन्छ र यसवाट नै सांस्कृतिक परम्पराको संरक्षण र संवर्द्धन हुन्छ । यसमा स्थानीय बासिन्दा, स्थानीय तह, प्रदेश  र केन्द्रिय निकायको अहम् भूमिका हुन्छ । हरेक क्षेत्रले आ-आफ्ना भूमिका निर्वाह गरेर  परम्परालाई जोगाउनुपर्दछ । अन्यथा जात्राको  अस्तित्व नै संकटमा पर्ने देखिन्छ । तसर्थ अन्य सवै झै-झगडालाई विर्सेर यस जात्रालाई राम्रो तरिकाले संचालन गर्न आवश्यक देखिन्छ ।

परिशिष्ट १

अन्तर्वार्ता लिइएका व्यक्तिहरुको नामावली

१. पंचकुमार श्रेष्ठ, वर्ष, ७५ , बालागाउँ , पिलिगाँ टोल ।

२. रोहित बलामी, वर्ष ६०, बालागाउँ , पिलिगाँ टोल ।

३. तारा बलामी , वर्ष ४५, बालागाउँ ढःसी टोल ।

४. सूर्यमान वलामी , बर्ष ७०, बालागाउँ , ताःफ्रो टोल।

५. श्री राधेश्याम थापा, ७० महादेवस्थान, वनमहालक्ष्मी ।

६. भाइकृष्ण बलामी ,बर्ष ४५ बालागाउँ, गणेशटोल ।

७. बसन्ती श्रेष्ठ ,वर्ष ४३ , बालागाउँ, ताःफ्रो टोल ।

८. सानुमंगल श्रेष्ठ, वर्ष ४२ महादेवस्थान, बनमहालक्ष्मी ।

९. श्रीकृष्ण श्रेष्ठ वर्ष ४५ महादेवस्थान, वनमहालक्ष्मी ।

१०. दिलकृष्ण श्रेष्ठ, बर्ष २५ , महादेवस्थान, गोल्छाप ।

११. केशव श्रेष्ठ, वर्ष २२, महादेवस्थान, गोल्छाप ।

१२. विकल उदास, वर्ष २७, बालागाउँ , महालक्ष्मीस्थान ।

१३. विक्रम श्रेष्ठ , वर्ष २६, बालागाउँ, गणेश टोल ।

१४. विजु श्रेष्ठ, वर्ष , २१ बालागाउँ, गणेश टोल ।

१५. विनोद श्रेष्ठ , वर्ष १९, बालागाउँ ताःफ्रो टोल ।

## परिशिष्ट २

### सोधिएका प्रश्नहरुको नमूना

१. बालागाउँको नामाकरण र ऐतिहासिकताबारे के थाहा छ ?

२. बालागाउँका कुन कुन पर्वहरु मनाइन्छन् ?

३. बालागाउँमा मनाइने जात्रा महालक्ष्मी जात्रा कहिलेदेखि मनाउन थालियो ?

४. यो जात्रा, पर्व कस-कसले मनाउने गर्दछन् ?

५. जात्रा कसरी मनाउने गरिएको छ ?

६. मूर्तिका बारेमा कत्तिको जानकारी छ ?

७. जात्राको अध्ययन, अनुसन्धान भएको छ , छैन् ?

८. जात्रामा नयाँ पुस्ताको आकर्षण कत्तिको छ ?

९. जात्राको विधिविधान बारे के थाहा छ ?

१०. जात्राको धार्मिक सांस्कृतिक महत्व के छ ?

परिशिष्ट ३

काठमाडौं, मातातीर्थ बालागाउँको महालक्ष्मी मन्दिर संगै रहेको शिलालेखको लिप्यान्तर

अद्य तिथि ज्यात्रि थ्व

१) ॐ नमो श्री माहारछमि देवि संम्व

२) त ८४७ ॥ वैइसाक शुक्र अगवाल

३) कुन्हु ॥ कजित मानदेवजु सुरकिं वंस ॥

४) दाफान दयका , रोहोनव चिङा, समो

५) हन दयका ॥ थिम रायजु सुरंकि वंस ॥

६) मानसिं जु सुरंकि वंस विनदेवजु सुरं

७) कि वंस ; मीन रायजु सुरंकि वंस ;पं

८) दवजु सुरंकि वंस, जयकृष्णजु ॥

९) हरिसिंजु ॥ ङकुलजु ॥ मानदेवजु सु

१०) रंकि वंस ॥ पंनाजु सुरंकि वंस

११) ॥ अमिसिजु ॥ स्यादाजु ॥ विश्वहु

१२) रिजु सुरंकि वंस ॥ मासिंराय

१३) जु सुरंकि वंस; कुतुरांजु सुरिंकि वंस

१४) दि.....रांजु ॥......शुभ ॥

*भावार्थः* माहालक्ष्मि देवी मन्दिरमा रहेको सम्वत् ८४७ बैसाश शुक्लपक्ष मंगलबारका दिन दाफा (भजन) र सोही मन्दिरमा ढुंगा छाप्ने काम थिम रायजु सुरंकि वंस समेतले गरेको बारेमा उल्लेख भएको विवरण ।

परिशिष्ट ४

काठमाडौं, मातातीर्थ बालागाउँको महालक्ष्मी मन्दिर भित्रको पर्खालमा रहेको शिलालेखको लिप्यान्तर

१) ॐ नम श्री सिद्धिलक्ष्मी देव्य नम । संम्वत ८८४ वै

२) शाष कृष्ण द्वादशी प्र त्रयोदस्यान्तिथौ ॥ अश्विवणि नक्षत्र

३) शोभागे योग ॥ शंनिश्चरवासरे ॥ थ्व कुन श्री ३ संक्रान्ति

४) गुथि भारो ॥ जयकृष्ण भारो प्ररमुषन दयका जुरो ॥

५) जितु सिं भारो, म्हूकंन सिङ भारो, सुरंकि वंश रामेश्व

६) र भारो, लक्ष्मिनारायन भारो ॥ थ्वते ङाम्ह समोहन ॥

७) श्री ३ माहारक्ष्मी देविया थ्व प्ररषाल जुरो

८) प्रतिस्थायाङा दिन जुरो । धन जन संतान वृद्धि लस्तु

९) शुभ

*भावार्थः*

श्री सिद्धिलक्ष्मी देवी मन्दिरमा संवत् ८८४ बैसाक कृष्ण द्वादशीको दिनमा जयकृष्ण भारो समेत पाँच जनाले पर्खाल बनाएको बारेमा उल्लेख भएको विवरण ।

*(महालक्ष्मी मन्दिर परिसरका दुई अभिलेख पुरातत्व विभाग, राष्ट्रिय अभिलेखालयका अभिलेख अधिकृत रज्जु हाडा र रोजेन्द्र स्थापितको सहयोगमा लिप्यान्तर गरिएको )*

## सन्दर्भग्रन्थ सूची

### नेपाली

खत्री, प्रेमकुमार( वि.सं.२०५५),नेपालका धार्मिक मत र परम्परा र सामाजिक संरचना, काठमाडौंः एम.के पब्लिशर्स एण्ड डिष्ट्रीब्युटर्स भोटाहिटी ।

चौगुठी, राजेश (वि.सं. २०६४), जात्रापर्व, संस्कार र चगुठी , गोल्मढी, भक्तपुर : मित्रता छापाखाना ।

जोशी, हरिराम (वि.सं.२०६०), नेपालका चाडपर्व,ललितपुर : जोशी रिसर्च इन्स्टिच्युट ।

जोशी, हरिराम (वि.सं. २०४०) , हिन्दू देवी देवता, काठमाडौ : श्री ५को सरकार, सूचना मन्त्रालय,सूचना विभाग ।

पौडेल,नयनाथ(सं.) (वि.सं.२०२०), भाषा बंशाबली , काठमाडौं :राष्ट्रिय पुस्तकालय ।

प्रधान, भुवनलाल(वि.सं.२०५५), नेपालको इतिहास र संस्कृतिका केही पक्ष, काठमाडौं : ने.रा.प्र.प्र. ।

बज्राचार्य,धनबज्र, (वि.सं.२०३०), लिच्छविकालीन अभिलेख,किर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

बज्राचार्य,धनबज्र, (वि.सं.२०५६) मध्यकालीन अभिलेख, , किर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, ।

रुपाखेती,श्रीहरि (गा.वि.स.का देवदेवीमन्दिर-पीठ तथा तिनका पर्व-उत्सव) (वि.सं. २०५९) महादेबस्थान गा.वि.स.को स्मारिका , महादेबस्थान गा.वि.स. ।

वाङ्देल, लैनसिंह (वि.सं. २०३९) प्राचीन नेपाली मूर्तिकलाको इतिहास,काठमाडौंः ने.रा.प्र.प्र.।

सुवेदी, बलदेव(महादेवस्थान गा.वि.स. एक राजनैतिक झलक) (वि.सं.२०५९) महादेबस्थान गा.वि.स.को स्मारिका , महादेबस्थान गा.वि.स. ।

श्रेष्ठ, बाबुकाजी( वि.सं.२०६०) धिमाय बाजाः सामान्य चिनारी ,थेम्सृङ मासिक पत्रिका ।

*श्रेष्ठ, रिजु,(२०७४), बलम्बु महालक्ष्मी जात्रा, काठमाडौं : चन्द्रागिरीन्युज ।*

*श्रेष्ठ(थापा),शान्ति, (लुभुमहालक्ष्मी जात्राः एक परिचय) (वि.सं.२०६४)भ्वाइस अफ कल्चर, काठमाडौं : पद्म कन्या क्याम्पस ।*

*<u>शोध प्रबन्ध(अप्रकाशित)</u>*

*उप्रेतीअर्याल, शर्मिला, (वि.सं.२०६४) काठमाडौं जिल्ला महादेवस्थान गाउँ विकास समिति क्षेत्रको सांस्कृतिक अध्ययन, कीर्तिपुरः त्रि.वि.वि., संस्कृति विभाग ।*

*लाखे , सुरेशमान(वि.सं.२०६३) भक्तपुरको विभिन्न जात्रापर्वहरुमा प्रदर्शन गरिने रथ र खट्को स्थापत्यकलाः एक अध्ययन, किर्तिपुरः त्रि.वि.वि., संस्कृति विभाग ।*

*श्रेष्ठ, देवेन्द(वि.सं.२०७०) काभ्रेपलाञ्चोक जिल्लाको श्रीखण्डपुरमामनाइने विस्केट जात्राको अध्ययन,किर्तिपुरः त्रि.वि.वि., संस्कृति विभाग ।*

*<u>हिन्दी</u>*

*शास्त्री श्री रामनारायणदत्त,(वि.सं.२०६९) दुर्गासप्तशती , गोरखपुरः गीताप्रेस ।*

*<u>अंग्रेजी</u>*

*Anderson, Marry M.( A.D.1977) The festival of Nepal, London: Allien and unwind Ltd.*

*Beanejee N. R (A.D.1980) Nepalese Architecture, Delhi: Agamkala Prakashan.*

*Benerjee J. N. (A.D. 1985), Development of Hindu Iconography, Delhi : Munshiram Manoharlal Publishers.*

*Bernier Ronald M.(A.D. 1978) , The Temples of Nepal, New Delhi :S. Chand and Company Ltd.*

*Corn Worfgang,(1993), The Traditional Architecture of the Kathamandu Valley, Kathmandu :Ratna Pustak Bhandar.*

*Walls E.H., (1973), The coinage of Nepal, Delhi: Indological Book House.*

*चित्रपलक*

१. महालक्ष्मीको स्वरुप

२. महालक्ष्मीको मन्दिर

३. बनमहालक्ष्मीको मन्दिर

४.सिद्धिविनायक(गणेश)को मन्दिर

५.महालक्ष्मीको खट्


६.स्थानीय महिलाहरुको बाँसुरी बादन

७.महालक्ष्मीको मन्दिरमा पूजा गर्दै

८.दाफा(भजन) गाउँदै

९. जात्रामा सहभागी

१०. खट्यात्रा गरिदैं ।




१.महालक्ष्मीको स्वरुप (दुर्गासप्तशती, गोरखपुरः गीताप्रेस)।



२. महालक्ष्मीको मन्दिर, मातातीर्थ जाने बाटोसँगै ।



३. वनमहालक्ष्मीको मन्दिर, ईटाखेल,गोल्छाप ।



४ .सिद्धिविनायक(गणेश)को मन्दिर, गणेश टोल, बालागाउँ ।



५. महालक्ष्मीको खट्



६. स्थानीय महिलाहरुको बाँसुरी बादन



७. महालक्ष्मी मन्दिरमा पूजा गर्दै



८. दाफा भजन गाउँदै



९. जात्रामा सहभागी



१०. खट्यात्रा गरिदैं